# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कैलाश गाउँपालिका, मकवानपुर

## आर्थिक वर्ष २०७५।७६

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं

# Serving the Nation and the People

## दूरदृष्टि(Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य(Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता(Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या:२०७६/७७

च.नं : ७७७

मिति:२०७७/३/२४

श्री कैलाश गाउँपालिका,
मकवानपुर ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)

नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**टंकमणि शर्मा, दंगाल**

**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षणसम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका,महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमासम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको,आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको,अबण्डा बजेट राखेको,खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजनाप्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौटगरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको,तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यकशीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्तअभिलेख नरहेको,सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ ।गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो ।लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो ।लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय ब्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु ।स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

**(वागमती तथा गण्डकी प्रदेश महानिर्देशनालय)**

पत्र संख्या:२०७६।०७७
च.नं.: ८१०
श्री प्रमूखज्यू,
कैलाश गाउँपालिका, मकवानपुर ।

मिति: २०७७।०३।२५

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय :** हामीले कैलाश गाउँपालिका मकवानपुरको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.२ करोड ३७ लाख ८२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ लाख ८७ हजार प्रमाण कागजात पेश गर्नुपर्ने रु.९१ लाख ७७ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ३७ लाख १८ हजार तथा पेश्की बाँकी रु. ६ लाख रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।११।११ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १९ (उन्नाईस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाँउपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार संचालन ऐन,२०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी बित्तिय बिबरण तयार गर्ने तथा जालसाँजी वा अन्य गल्तिका कारण बित्तिय बिवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(वामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

# कैलाश गाउँपालिका मकवानपुरको लेखापरीक्षण प्रतिवेदन

## आ.ब. २०७५।०७६

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न कैलाश गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाँउपालिका अर्न्तगत १० वडा रहेको, ५३ जना सभा सदस्य, २०४.४८ व.कि.मी. क्षेत्रफल, २३९२२ (२०६८ को जनगणनानुसार) जनसंख्या सहित वागमती प्रदेशमा अवस्थित छ । | |
| | लेखापरीक्षणको क्रममा औल्याए पश्चात रु.६१०० असुल भई सम्वन्धित राजस्व खातामा दाखिला भएको छ । | |
| १. | **स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाँउपालिकाले आर्थिक वर्ष २०७५।०७६ मा प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनको क्रममा भएका व्ययहरु समेत समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ । | |

| आय | | व्यय | |
|---|---|---|---|
| विवरण | रकम | विवरण | रकम |
| गत आ .व.को मौज्दात | ६०१७३१०९.५९ | संघिय सरकार सशर्त चालू खर्च | ८८७१५९००.३९ |
| संघिय सरकार सशर्त अनुदान | ११२३७०००० | संघिय सरकार सशर्त पुँजिगत खर्च | २९२१६६६ |
| प्रदेश सरकार सशर्त अनुदान | २२६१३००० | प्रदेश सरकार सशर्त चालू खर्च | ३२४६३६ |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | १५७२८०५ | प्रदेश सरकार सशर्त पूँजिगत खर्च | ११०६६३४५ |
| सामाजिक सुरक्षा | ३२९४४००० | सामाजिक सुरक्षा खर्च | ३२९४४००० |
| संघिय सरकार वित्तिय समानिकरण अनुदान | ८५१००००० | कैलाश गा.पा.चालू | ४८०८६१६५ |
| प्रदेश सरकार वित्तिय समानिकरण अनुदान | ७७३४००० | कैलाश गा.पा.पुँजिगत | ११७४८५५६४ |
| प्रदेश सरकार समपूरक अनुदान | १०००००००० | झोलुगे पुल क्षेत्र विकास कार्यक्रम | ६३३००० |
| स्था. पूर्वाधार विकास साझेदारी कार्यक्रम | ७९६०००० | स्था. पूर्वाधार विकास साझेदारी कार्यक्रम | ५९४०१५० |
| स्थानिय क्षमता विकास कार्यक्रम | ३०५००० | स्थानिय क्षमता विकास कार्यक्रम | ३०५००० |
| झोलुगे पुल क्षेत्र विकास कार्यक्रम | १३००००० | प्रधानमन्त्री रोजगार कार्यक्रम | १५६२६०५ |
| गरिबसग विश्शेवर कार्यकम | ५६८००० | गरिवसंग विश्शेवर कार्यक्रम | ५६८००० |
| आन्तरिक आम्दानी | ३३०८६५८.७८ | धरौटी फिर्ता | ७१७१६ |
| संघिय सरकार राजश्व वाँडफाँड | ५८६५१५३३.१२ | **जम्मा** | **३१०६२४७४७.३९** |
| प्रदेश सरकार राजश्व वाँडफाँड | १००३५९१६.३० | संघिय सरकार सशर्त अनुदान फिर्ता | २०७२१०९३.६१ |
| घरजग्गा रजिष्ट्रेशन शुल्क | ५४१६८५.०० | प्रदेश सरकार सशर्त अनुदान फिर्ता | १०८७७०१९ |
| गत आ.व.।को मौज्दात धरौटी | २०४९०५ | स्था. पूर्वाधार विकास साझेदारी कार्यक्रम | १९९०००० |
| | | झोलुगे पुल क्षेत्र विकास कार्यक्रम | ६६७००० |
| | | **जम्मा अनुदान फिर्ता** | **३४२५५११२.६१** |
| | | संचित कोष | ७०२११०७३.७९ |
| | | धरौटी खाता | १३३१८९ |
| | | मर्मत सम्भार कोष खाता | १५८४९० |
| | | **वैङ्क मौज्दात** | **७०५०२७५२.७९** |
| **कुल जम्मा** | **४१५३८२६१२.७९** | **कुल जम्मा** | **४१५३८२६१२.७९** |

| | | |
|---|---|---|
| २. | **लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्न अनुसार रहेका छन् :** | |
| २.१ | **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी सम्परीक्षण गराउनु पर्नेछ भन्ने प्रावधान रहेको छ। कार्यालयले कानूनको उक्त प्रावधान बमोजिम आफ्नो आय र व्यय हिसावको आन्तरिक लेखापरीक्षण गराएको छैन । यसबाट आन्तरिक नियन्त्रणमा असर पर्न सक्ने अवस्था समेत देखिन आयो । यस सम्वन्धमा सम्वन्धित निकाय तथा पदाधिकारीले ध्यान दिई सुधार गर्नुपर्ने देखिन्छ । | |
| २.२ | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वियनमा ल्याउनुपर्ने व्यवस्था छ । चेकलिष्टको आधारमा यस गाँउपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा निम्न बिषयमा प्रर्याप्त नियन्त्रण भएको देखिएन । कार्यालयले सो अनुरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा नल्याएबाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखिन आयो । उक्त बिषयमा गाँउपालिकाले नियन्त्रण एवं सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ । | |
| | • कार्य जिम्मेवारी र जवाफदेहिता स्पष्ट गरेको छैन,<br>• परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण भएको छैन,<br>• अन्तिम चौमासिक र आषाढ महिनामा तोकिएको सीमाभन्दा बढी खर्च गरेको छ ।<br>• योजना कार्यान्वियन तालिका निर्माण गरेको छैन,<br>• निर्धारित समयमा निर्माण सम्पन्न भएको छैन,<br>• कार्यालयको भौतिक प्रगति सन्तोषजनक छैन,<br>• अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको छैन,<br>• योजना हस्तान्तरण तथा खर्चको सार्वजनिक परीक्षण भएको छैन,<br>• राजस्बको श्रोत पहिचान गरेको छैन,<br>• प्रशासनिक खर्चको सीमा निर्धारण गरेको छैन,<br>• राजस्व सम्वन्धी कानून निर्माण गरेको छैन,<br>• अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन,<br>• राजस्वको रसिद नियन्त्रण खाता व्यबस्थीत राखेको छैन, आदि । | |
| २.३ | **वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । समितिले सो अनुरुप बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरेको देखिएन । | |
| २.४ | **स्थानीय तथ्यांक र अभिलेखः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडी वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| २.५ | **लक्ष्य प्रगतीको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरी दिएको देखिएन । | |
| २.६ | **श्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| २.७ | **लेखा स्रेस्ता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा कार्यालयको विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य कारोबारको स्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा स्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले चेकजाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरेता पनि जिम्मेवारी यकिन नभएको, जिन्सी खाता, बैक नगदी किताब, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको म.ले.प.फा.नं. १०८, १०८(क) र (ख), १०९ र २३ जस्ता खाता व्यवस्थीत नराखेको, आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार भौतिक एवं वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगति विवरण तयार नगरेको जस्ता व्यहोराहरु देखियो । जसले गर्दा कार्यालयको लेखा, श्रेस्ता र अभिलेख यथार्थपरक र भरपर्दो रहेको छ भन्न सकिएन । यसमा सम्वन्धित पक्षको ध्यान जानु आवश्यक छ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २.८ | **लक्षित समूह खर्च** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानून बमोजिम लक्षित समुहको मागको आधारमा लक्षित समुहको पूंजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाँउपालीकाले यस प्रकारका कार्यक्रममा समेत खर्च गरेको देखिएकोले कानूनको परिपालना भएको देखिएन । यस्ता कार्यमा सुधार हुनु पर्दछ । | |
| २.९ | **गुणस्तर परीक्षण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । निर्माण लगायत सबै प्रकारको सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| २.१० | **भ्रमण अभिलेख एवं प्रतिबेदन :** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीहरुले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरी भ्रमण प्रतिबेदन साथ आबश्यक बिल भरपाई सम्बन्धीत कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । साथै नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । गाउँपालिकाले यस आर्थिक बर्षमा भ्रमण आदेश दर्ता गर्ने गरेको देखिएन साथै एउटै गोश्बारा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको छ । यसबाट अनुगमन तथा मुल्याङ्कन कार्यक्रम प्रभाबकारी भयो भन्ने आधार देखिएन । तसर्थ नियमावलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ । | |
| २.११ | **अभिलेख अद्यावधिक :** स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तीको अभिलेख अद्यावधिक गरी रेखदेख, मर्मत सम्भार र अन्य प्रवन्ध गर्नुपर्ने प्रावधान रहेको छ । कार्यालयले गाँउसभावाट स्वीकृत भएका योजना तथा कार्यक्रम, संशोधित कार्यक्रम, संचालित र सम्पन्न भएका योजना तथा कार्यक्रम र अधुरा योजनाको अभिलेख अद्यावधिक गर्ने कार्य गरेको देखिन आएन । खर्च भुक्तानीको गौश्वरा भौचर र सोसंग संलग्न कागजातको आधारमा मात्र भुक्तानी दिने गरेको छ । जसले गर्दा कुन कार्यक्रम वा योजना गाँउसभावाट स्वीकृत वा संशोधन भएको हो वा होइन खुलाउन कठिनाई हुन जानुको साथै कुन काम कस्तो गुणस्तर र परिमाणमा सम्पन्न भयो वा हुन नसकी अधुरो रहन गएको छ । स्वीकृत मध्ये कुन कुन कार्यक्रम सम्पन्न हुन सकेन र सभावाट स्वीकृत नभएका कार्यक्रम संचालन गरिए वा नगरिएको सम्वन्धमा यकिन हुन सकेन । यस सम्वन्धमा सम्वन्धित निकायबाट यथार्थता यकिन गरिनु पर्दछ । | |
| २.१२ | **मर्मत सम्भार कोष :** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा गाउँपालिकाबाट संचालन हुने योजनाहरु मर्मत सम्भार गर्नको लागी मर्मत सम्भार कोष खडा गर्न सकिने उल्लेख रहेको छ । कार्यालयले लेखापरीक्षण अवधिसम्म मर्मत सम्भार कोष खडा गरेको देखिन आएन । | |
| ३. | **जनशक्ति व्यबस्थापन** : निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकामा रहने कर्मचारी दरवन्दी ३९ जना (श्रेणी बिहिन बाहेक) रहेपनि पदपूर्ति ८ जना ( २०७६ आषाढको विवरण अनुसार) रहेको देखियो । ४ जना अधिकृत सहित ३१ पद रिक्त रहेका छन । ति मध्ये ४ जना (श्रेणी विहिन बाहेक) करारमा राखि कार्य संचालन गरिएको छ । अनावश्यक पद भए खारेज गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन । स्वीकृत दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । कार्यालयमा कायम दरबन्दीमध्ये ३१ (श्रेणी बिहिन बाहेक) कर्मचारीहरुको पद रिक्त रहेकोले कार्यचाप, ढिलासुस्ति तथा कार्यमा गुणस्तरियता हुन नसक्ने र लक्ष्य अनुरुप प्रगति हासिल गर्न कठिन हुने भएकोले दरबन्दी अनुरुप पदपुर्ति गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ । | |
| ४. | **अनुदान फिर्ता :** संघिय र प्रदेश सरकारबाट गाँउपालिकालाई योवर्ष प्राप्त भएको अनुदान रकम खर्च नभइ बचत हुन गएकोले फिर्ता गर्न बाकी भनि आय व्यय विबरणमा राखेको देखियो । उक्त रकम मध्ये निम्नानुसारको रकम लेखापरीक्षण अवधिसम्म पनि सम्वन्धित सरकारको राजस्व खातामा फिर्ता गरेको नदेखिएकोले फिर्ता दाखिला हुनु पर्ने रु... | ३९६३९० |

| विबरण | निकासा | खर्च | फिर्ता | बांकी |
|---|---|---|---|---|
| संघिय सरकार सशर्त अनुदान | ११२३७०००० | ९१६३७५६६.३९ | २०७२१०९३.६१ | ११३४० |
| प्रदेश सरकार सशर्त अनुदान | २२६१३००० | ११३९०९८१ | १०८७७०१९ | ३४५००० |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | १५७२८०५ | १५६२६०५ | ० | १०२०० |
| स्था. पूर्वाधार विकास साझेदारी कार्यक्रम | ७९६०००० | ५९४०१५० | १९९०००० | २९८५० |
| जम्मा रु. | १४४५१५८०५ | ११०५३१३०२.३९ | ३३५८८११२.६१ | ३९६३९० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५. | **पेश्की वाँकी विवरण :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७४ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फछ्र्यौट सम्बन्धी व्यवस्था रहेको छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाकीको विबरण अनुसार योवर्ष कार्यालयको फछ्र्यौट गर्न बाकी रहेको निम्नानुसारको पेश्की रकम नियमानुसार फछ्र्यौट हुनु पर्ने देखिएको रु... | ६००००० |

| मिति | नाम | प्रयोजन | पेश्की बाकी |
|---|---|---|---|
| २०७५.०८.१७ | कटुन्जे स्वास्थ्य चौकी | एम्वुलेन्स खरिद | ६००००० |
| | | जम्मा रु. | ६००००० |

**पूंजीगत खर्च तर्फ :** गाँउपालिकाको कार्यालयले योवर्ष पूंजीगत तर्फ देहाय बमोजिमका खर्च शिर्षकहरुबाट रु.१३७४१३७२५ खर्च गरेको देखियो । जसको परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् ।

| सि.नं. | विवरण | खर्च |
|---|---|---|
| १. | संघिय सरकार सशर्त पुँजिगत खर्च | २९२१६६६ |
| २. | प्रदेश सरकार सशर्त पूँजिगत खर्च | ११०६६३४५ |
| ३. | कैलाश गा.पा.पुँजिगत | ११७४८५५६४ |
| ४. | स्था. पूर्वाधार विकास साझेदारी कार्यक्रम | ५९४०१५० |
| ५. | झोलुगें पुल | ६३३००० |
| | जम्मा पूजीगत खर्च | १३८०४६७२५ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६. | **उपभोक्ता समितिबाट गराएको काम :** कार्यालयले योवर्ष गरेको पूंजीगत खर्च मध्ये केहि ठेक्काबाट भएको निर्माण कार्य बाहेक अधिकांश निर्माण कार्यहरु उपभोक्ता समितिहरुबाट गराएको छ । जसमा निम्नानुसार देखियो । | |
| ६.१ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ र उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि लगायतका कानून अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनुपर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी कुल लागत रु.१ करोडसम्म भएको तथा स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत अनुसूची १ मा तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ ।<br>मोटर बाटो खन्ने तथा चौडा गराउने, विभिन्न भवनहरु निर्माण गर्ने लगायतका भौतिक पूर्वाधारका कार्यहरु, कृषि, पशु, स्वास्थ्य, शिक्षा तथा जनचेतना र सशक्तिकरण लगायत सामाजिक, आर्थिक र भौतिक पुर्वाधार क्षेत्रका विभिन्न कार्यहरुमा रकम खर्च गर्दा अधिकाशं कार्यहरु उपभोक्ता समिति मार्फत गराउने गरेको छ । मोटर बाटो लगायत अधिकांश कार्यहरुमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभि मेशिनहरु प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो । धेरैजसो निर्माण कार्यहरु उपभोक्ता वा लाभग्राही समुदाय आफुले नगरी तेश्रो पक्षबाट कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाईबाट देखियो । गाँउपालिका पूंजीगत खर्च शिर्षकमा १० प्रतिशतको हाराहारीमा र अन्यमा शुन्य प्रतिशत जनसहभागिताबाट कार्य गराएको देखियो । उपभोक्ता समितिबाट गरिएका अधिकांश निर्माण तथा अन्य कार्यहरुको नापी किताव, ठेक्का विल र कार्य सम्पन्न प्रतिवेदनमा काम शुरु, सम्पन्न र फरफारक गरेको मिति र अवधि खुल्ने गरेको छैन । योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन । सम्वन्धित वडा तथा स्थानिय तहले यस प्रकार संचालन भएका योजनाहरुको अभिलेख अद्यावधिक गर्ने गरेको पाइएन ।<br>जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने, योजना कार्यन्वयनमा जनसहभागिता र अपनत्व बृद्धि नगर्ने, खर्च सार्वजनिक नगर्ने जस्ता कानूनमा उल्लेख भएका प्रावधानहरुको पालना नगरेको प्रति सम्वन्धित प्राविधिक, कार्यालय तथा पदाधिकारीले समेत ध्यान दिएको देखिएन । उपभोक्ताले गर्ने जनसहभागिताको कार्यमा न्यून अंश मात्र कार्य हुने गरेको देखिएको हुदा श्रममुलक कार्यमा उपभोक्ताको तर्फबाट गरिने कार्यको अंशमा बृद्धि गरि योजनाको स्वामित्व र लागत | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्रभावकारितामा बृद्धि गर्नुपर्ने देखियो । उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ । | |
| ६.२ | **भुक्तानीको सिफारिस :** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा अधिकाशंमा फोटाहरु संलग्न राख्ने र उपभोक्ता समितिको सिफारिस तथा सम्वन्धित वडा अध्यक्षको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिन आएन । त्यसैगरी सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकाशं सिफारिसमा सो बमोजिम नगरी विनियोजित बजेट अनुरुपको कार्य सम्पन्न भएकोले भुक्तानीको लागी सिफारिस गर्दछु भन्ने भाषाको सिफारिस गर्ने गरेको देखियो । तर योजनाहरुमा वडास्तरिय अनुगमन समितिको अनुगमन र सिफारिस भएको प्रमाण देखिएन । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिन आएन । | |
| ६.३ | **सार्वजनिक परिक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । विभिन्न सडक, सिचाई, खानेपानी तथा कृषि विकास र पशु विकास लगायत कार्यक्रको सार्वजानिक सुनवाई गरेको भएपनि सार्वजानिक सुनुवाईको ढाँचा अनुरुप गरेको पाईएन । सार्वजनिक सुनुवाईको लागी तोकिएको फारम भर्ने गरेता पनि सरोकारवालाहरुको न्युन उपस्थिती रहने गरेको, आंशिक कार्यहरुमा खर्चको सार्वजनिकीकरण भनि माइन्युटमा लेखी राख्ने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ । | |
| ६.४ | त्यसैगरी बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ। एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन आएन । यस सम्वन्धमा कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नु पर्दछ । | |
| ६.५ | **अनुगमन समिति :** गाँउपालिका उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विवरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा सो बमोजिम नगरी एक रेडिमेड फारम भरी पेश गर्ने गरेबाट उक्त व्यहोराहरु खुल्न सकेन । योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्ने गरी समितिले सिफारिस गरे पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ । | |
| ६.६ | **दर बिश्लेषण :** कार्यालयले निर्माण कार्यको दर बिश्लेषण गर्दा जिल्ला प्राविधिक कार्यालय मकवानपुरले आर्थिक वर्ष २०७३।७४ को लागी तयार गरेको सिभिल, जनरल, भवन निर्माण सम्वन्धी कार्यको आइटम दररेटमा कायम दरलाइ राखी लागत अनुमान तयार गर्ने गरेको छ र सोही दरमा उपभोक्ता समितिसंग सम्झौता गरी कार्य गराउने गरेको पाइयो । तर उक्त दररेटमा ओभरहेड र मू.अ.कर समावेश रहे नरहेको सम्वन्धमा यकिन हुन सकेन । तसर्थ सो सम्वन्धमा यथार्थता यकिन गरी मूल्य अभिबृद्धि कर र ओभरहेड भुक्तानी गरेको देखिए सो रकम असुल गरिनु पर्दछ । | |
| ६.७ | **कार्य सम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्वन्धीत सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाचँपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट ब्यहोरेको श्रम, नगद, वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्य सम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । कैलाश गा.पा. ३ आमडाँडा र वडा नं ४ टकुवामा साना सिचाई निर्माण अर्न्तगत प्लाष्टिक पोखरी निर्माण कार्यको लागत अनुमान रु.६०६१७३/४७ तयार गरी सयपत्री साना किसान कृषि सहकारी संस्था कैलाश-३ र गा.पा.वीच २०७६/१/१० मा सम्झौता भए अनुसार प्लाष्टिक पोखरी निर्माण कार्यको लागि रु.५४०००० भुक्तानी भएकोमा नियमावलीमा व्यवस्था भए अनुसार | ५४०००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | निर्माण कार्यको नापजांच गरी सोको प्राविधिक पुष्ट्याई सहित कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले पेश हुनुपर्ने रु. | |
| ६.८ | **कार्य सम्पन्न प्रतिवेदन :** २२१/२०७६/३/२८ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्वन्धीत सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाचँपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट ब्यहोरीएको श्रम, नगद, वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त  निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्य सम्पादन गर्ने ब्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । कैलाश गा.पा.अर्न्तगत बिभिन्न ४० कृषक तथा कृषक समुहलाई स्वीकृत कार्यक्रमको आधारमा जग्गा धनि प्रमाण पूर्जा, नगरीकता बडाको सिफारीस पेश गर्न लगाई प्लाष्टिक पोखरी निर्माण कार्यको संभौता गरि प्लाष्टिक किनेको विल भरपाई संलग्न गरि रु.६०८००० खर्च लेखिएकोमा नियमावलीमा ब्यवस्था भए अनुसार पोखरी निर्माण कार्यको नापजांच गरी सोको प्राविधिक पुष्ट्याई सहित कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले पेश हुनुपर्ने रु. | ६०८००० |
| ६.९ | **नर्म्सको प्रयोग :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजीम र त्यस्तो नर्म्स नभएको अवस्थामा अवश्यक नर्म्स तयार गरि नेपाल सरकार मन्त्रिपरिषदवाट स्वीकृत गराई नर्म्स वमोजिम गर्नुपर्दछ भन्ने व्यवस्था छ । गाँउपालिकाले निम्नानुसार योजनाको लागत अनुमान र सोहि अनुरुप कार्यसम्पन्न प्रतिवेदन तयार गरि उपभोक्ता समितिलाई भुक्तानी दिएकोमा खरिद गर्नुपर्ने पाइपको परिमाण अर्थात पाइपलाइन खन्ने कार्यको लागत अनुमान र पुर्ने एवं Laying and jointing गर्ने कार्यको लागत अनुमानको परिमाण फरक फरक तयार गरेको र सोहि अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी गरिएको कारण लागत अनुमान यथार्थ र वास्तवीक हो भन्ने आधार देखिएन । लागत अनुमान र कार्य सम्पन्नलाई आधार मान्दा पाइपलाइन खन्ने र पुर्ने कार्यको परिमाण भन्दा बढी पाइप खरिद गरेको देखिन्छ । यस सम्वन्धमा जानकारी माग्दा पाइप लाइनको क्षेत्रमा पहरा पर्ने कारण यसप्रकार ल.ई. तयार गरिएको कार्यालयको भनाई रहेको पाइयो । कार्यालयले योजनामा प्रयोग भएको पाइप दुरुपयोग र हिनामिना भएको छैन  भन्ने आस्वस्त हुने प्रमाण एवं पुष्ट्याई पेश गर्नुपर्दछ  साथै लागत अनुमान तयार गर्दा नर्म्सको पूर्ण रुपमा प्रयोग गरिनुपर्दछ । जसका केहि उदाहरण निम्नानुसार छन् : | |

| भौ.न.मिति | योजनाको नाम | ला.अनुमान | कार्य सम्पन्न | भुक्तानी | पाइपलाइन खन्ने पुर्ने कामको परीमाण | प्रयोग पाइप |
|---|---|---|---|---|---|---|
| ६८/०७६/१/२४ | पोखरीच्छे साम्राङ टोल पाइप सिंचाई, कैलाश, २ | ४०३१३२ | ४१५४४८ | ३५०००० | १६२ मि. | १६५५ मी. |
| ६९/०७६/१/२४ | फुलढुङ्गा खा.पा. मर्मत, विस्तार | ४६०१३५ | ४६०८०० | ४००००० | ४२६ मी. | ८२८.६० मी |
| १५६/०७६/३/१७ | खानेपानी मर्मत कैलाश, ७ | ५७५३२० | ५७५९२४ | ५००००० | ८६२ मी. | ९१६ मी. |

| | | |
|---|---|---|
| ६.१० | **दररेटको प्रयोग :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्ने शिलशिलामा सिमेन्ट, फलामे डण्डी, इटा, ढुङ्गा, माटो, कर्कटपाता, विटुमीन तथा इमल्सन, इन्धन, पोलीथिन पाइप, जि.आई पाइप, डि.आई.पाइप, स्यानिटरीका समान, विजुलीका समान, जि.आई.वायर र यस्तै अन्य निर्माण सामाग्रीको दरभाउ मेशिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने ब्यवस्था छ । त्यसैगरि नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट संचालीत हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन, डिष्ट्रिब्युटर, विटुमिन ब्वाइलर जस्ता हेभि मेशिनहरु प्रयोग गर्न नसकिने तर लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिका कार्य भनि उल्लेख भएको रहेछ भने सम्वन्धीत प्राविधिकको सिफारिसमा सार्वजनिक निकायवाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । अधिकांश योजनाको कार्य गर्दा नियमावलिको ब्यवस्थाको पालना भएको छैन । जसमा देखिएका ब्यहोरा यसप्रकार छन् | |
| ६.१०.१ | गाँउपालीका द्वारा संचालीत सम्पुर्ण योजना उपभोक्ता समिति मार्फत गराइएको छ । योजनाको लागत अनुमान तयार गर्दा माटो खन्ने कार्य मेशिनवाट गराइने दर प्रयोग गरि तयार पारिएको र सोही अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने र भुक्तानी दिने गरेको छ । मेशिन प्रयोग गर्नुपर्ने कारण सहितको प्राविधिकको सिफारिस र सहमति दिने ब्यवस्थाको पालना भएको छैन भने सार्वजनिक खरिद नियमावलीले निर्दिष्ट गरेको प्रावधानको उल्लङ्घन समेत भएको कारण यसवाट उत्पन्न हुने असरको विषयमा सम्वन्धीत प्राविधिक र कार्यालय प्रमुखलाई जिम्मेवारी एवं जवाफदेही बनाउनु पर्ने देखिन्छ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

६.१०.२ उपभोक्ता समिति मार्फत सम्पन्न भएका योजनामा हेभि मेशिन प्रयोग गरि माटो काट्ने खन्ने कार्य गराई सोहि अनुसार भुक्तानी दिने गरिएकोमा उपभोक्ता समितिले हेभि मेशिन भाडामा लिई कार्य गराउने र मेशिन प्रयोगकर्ताले पेश गरेको वीलको रकम र लागत अनुमान तथा कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख गरिएको कार्यको परिमाणको आधारमा हुने रकमलाई Tie up गर्ने प्रयास गरेको देखिन्छ तर मेशिन प्रयोगको दर जिल्ला दररेट भन्दा फरक फरक राखी कुल रकमसँग मिल्ने गरी वील पेश गर्ने गरेको छ। अत: निर्माण कार्य गराउदा जिल्ला दररेटको आधारमा प्रति घण्टा मेशिनको दर प्रयोग गरि वील विजक पेश गर्न लगाउने व्यवस्था गरि सवै योजनाको निर्माण कार्यमा एकरुपता ल्याउनु पर्ने देखिन्छ । यसका केहि उदाहरण निम्नानुसार छन् :

| योजनाको नाम | प्रयोग भएको मेशिन | प्रयोग घण्टा | भ्याट बाहेक जिल्लादररेट अनुसार को दर (प्रतिघण्टा) | भ्याट बाहेक प्रयोग गरिएको दर (प्रति घण्टा) |
|---|---|---|---|---|
| आङती हालपाते सडक | एक्साभेटर | २३० | १८०० | २००० |
| टकुवा आमडाँडा सडक | एक्साभेटर | ४६ | १८०० | २१०० |
| धुवाङ्ग मा.वि. सडक | एक्साभेटर | ९१ | १८०० | ३००० |
| रुपराङ्ग सडक | एक्साभेटर | ७३ | १८०० | ३००० |
| बाँसखोला संगिने सडक | एक्साभेटर | ९७ | १८०० | २८०० |

६.१०.३ उपभोक्ता समिति मार्फत सम्पन्न गरिएका योजनाहरुमा एक्साभेटर प्रयोग गरिएकोमा पेश गरिएको एक्साभेटर प्रयोग घण्टाको परिमाण र तेलको वील मुल्याङ्कन गर्दा एकरुपता देखिदैन । नर्म्स अनुसार एक्साभेटर प्रयोग गर्दा प्रति घण्टा १८-२० लिटर तेल खपत हुने सामान्य सिद्धान्त रहेको पाइन्छ। तर पेश भएका वीललाई आधार मानि मुल्याङ्कन गर्दा प्रयोग घण्टा र खपत तेलको अनुपात मिलेको देखिदैन। जसको कारण भुक्तानीको लागि पेश भएका वील यथार्थ र वास्तवीक कामको आधारमा वनाइएका हुन हैनन आस्वस्त हुन सकिएन। अत : मेशिन प्रयोग गर्दा नर्म्स अनुसारको दर प्रयोग गरी एकरुपता अपनाउनु पर्ने देखिन्छ। यसका केहि उदाहरण निम्न छन् :

| योजनाको नाम | एक्साभेटर प्रयोग घण्टा | नर्म्स अनुसार खपत हुने तेल (डिजल) | प्रयोग भएको तेल प्रति घण्टा |
|---|---|---|---|
| जौटार मस्याहा सडक | ११६ | १८-२० ली. | २० ली. |
| महाँकाल सिमलटार बनझाकी सडक | ८८ | १८-२० ली. | २२.१५ ली. |
| मादलसिङ राञ्चुराङ स्कुल सडक | ९२ | १८-२० ली. | २२ ली. |
| चान्थाई सडक | ८८ | १८-२० ली. | २२.७२ ली. |
| रुपराङ सडक | ७३ | १८-२० ली. | २१.८६ ली. |

६.११ **अदुवा ब्लक :** ६१/२०७६/१/१३ : प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अर्न्तगत साना व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम अर्न्तगत अदुवा खेतिको लागि कैलाश गाँउपालीकाको वडा न. ३, ४, ७ र ८ (साविक कालीकाटार र भार्ता गा.वि.स.) लाई समेटि साविक जिल्ला कृषि विकास कार्यालयको माग बमोजिम आ.ब.२०७४।७५ मा विनियोजित १७ लाख जिल्ला कृषि विकास कार्यालय खारेज भए पश्चात यस गा.पा.लाई हस्तान्तरण भई सोही अनुरुप कार्यक्रम संचालन भएको र यस वर्ष सोहि कार्यक्रमलाई निरन्तरता दिन गाँउ परिषदवाट रु.२५ लाख बजेट विनियोजन गरिएकोमा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना व्यवसायिक कृषि उत्पादन केन्द्र ब्लक विकास कार्यक्रम संचालन कार्यविधि २०७३ को प्रावधान अनुरुप ११ सदस्यीय एकता अदुवा ब्लक उपभोक्ता समिति कैलाश ३, गठन गरि उक्त समिति र कैलाश गा.पा. विच २०७५।९।२९ मा संझौता भए अनुरुप अदुवा मूल विउ खरिद, स्थानीय अदुवा विउ खरिद, विउ उपचारको लागि विषादी खरिद, जैविक विषादी बनाउन सामाग्री खरिद, सिचाईको लागि पोलिथिन पाइप तथा बोरा खरिद तथा ढुवानी कार्यहरु उपभोक्ता समितिले गरि सामाग्री कृषकलाई उपलब्ध गराइएको एवं अदुवा खेती विषयक तालीम र अनुगमन खर्चका बीलभरपाई पेश गरेको आधारमा एकता अदुवा ब्लक उपभोक्ता समितिलाई रु.२५ लाख भुक्तानी भएको छ। यसमा देखिएका व्यहोरा यस प्रकार छन।

६.११.१ प्रधानमन्त्री कृषि आधुनिकिरण परियोजना अर्न्तगत साना व्यवसायिक कृषि उत्पादन केन्द्र ब्लक विकास कार्यक्रम संचालन कार्यविधि, २०७३ अनुसार ब्लकको लागि १०० हेक्टर (२०० रोपनी) जग्गा आवश्यक पर्ने उल्लेख गरिएकोमा आवश्यक पर्ने जग्गाको विवरण र प्रक्रिया पुरा गरि सकिएकोमा साविक जिल्ला कृषि विकास कार्यालय खारेज भएको र गत वर्षको यस कार्यक्रमको बजेट समेत गाँउपालिकालाई हस्तान्तरण भएको अवस्थामा यस कार्यक्रमसँग सम्वन्धीत कागजात समेत यस गा.पा. लाई हस्तान्तरण हुनुपर्ने र सोहि अनुरुप स्रेस्ता अद्यावधिक हुनुपर्नेमा अदुवा ब्लकसँग सम्वन्धीत शुरु चरणका प्रक्रियागत कार्यहरु, आवश्यक पर्ने जग्गा

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपलब्ध गराईएको विवरण र अन्य आवश्यक कागजात पेश नभएकोले मुल्याङ्कन गर्न नसकिएको हुदा पेश हुनु पर्दछ । | |
| ६.११.२ | ब्लक विकास कार्यक्रम संचालन कार्यविधि, २०७३ अनुसार संचालन समितिको वैठक कम्तिमा महिनामा एक पटक अनिवार्य वस्नुपर्ने व्यवस्था रहेकोमा सो अनुरुप वैठक बस्ने नगरेको, ब्लक क्षेत्रमा उत्पादीत वस्तुको मूल्य निर्धारण, बजारीकरण, प्रशोधन लगायतका क्रियाकलापको मापदण्ड निर्धारण गरी व्यवस्थित गर्नुपर्ने प्रावधान रहेकोमा ब्लक क्षेत्रवाट उत्पादीत अदुवा परिमाण, मुल्य निर्धारण, बजारीकरण, प्रशोधन तथा व्यवस्थापन सम्वन्धमा भए गरेका क्रियाकलापको प्रमाण कागजात एवं पुष्ट्याई पेश हुन नआएकोले मुल्याङ्कन गर्न नसकिएको हुदा पेश हुनु पर्दछ । | |
| ६.११.३ | कार्यविधिको व्यवस्था अनुरुप समिति गठन भएको एक बर्ष भित्र उक्त समिति जिल्ला कृषि विकास कार्यालयमा दर्ता हुनुपर्ने प्रावधान रहेकोमा हाल जिल्ला कृषि विकास कार्यालय खारेज भै सकेको अवस्थामा समिति दर्ता तथा नविकरण सम्वन्धमा अन्यौल रहेको पाइयो । समिति मार्फत संचालन गरिने आर्थिक कारोवारको लेखा ब्यवस्थापन तथा लेखापरिक्षण प्रतिवेदन तयार गरि सार्वजनिक खर्चको कुशल प्रयोग एवं पारदर्शिता हुनुपर्नेमा सो अनुरुप भए गरेको देखिएन ।<br>अतः साविक जिल्ला कृषि विकास कार्यालय मार्फत गरिएको यस्तो कार्यलाई गाँउपालिकाले पनि निरन्तरता दिएको परिप्रेक्ष्यमा ब्लक विकास कार्यक्रम संचालन गर्दा गाँउपालीकाले निश्चीत कार्यविधि बनाई सोहि कार्यविधिलाई आधार मानी क्रियाकलाप संचालन गर्ने गराउने कार्य गरी व्यवसायिक कृषि उत्पादन बृद्धि गरी किसानको जिवनस्तरमा सुधार ल्याउने एवं सरकारी स्रोत साधनको कुशल प्रयोग र पारदर्शिता बृद्धि गर्ने तर्फ गाँउपालीकाले गृहकार्य गर्नुपर्ने देखिन्छ । | |
| ६.११.४ | अदुवा ब्लक विकास कार्यक्रमको लागि रु.४४४८०४२।५० को लागत अनुमान तयार गरि गाँउपालीकाले २५ लाख र उपभोक्ता समितिवाट रु.१९४८०४२।५० योगदान ब्यहोर्ने गरि सम्झौता भई खर्चका विल भर्पाई एवं कार्य सम्पन्न प्रतिवेदन पेश गरि गाँउपालिकावाट रु. २५ लाख अदुवा ब्लक एकता समुहलाई भुक्तानी भएकोमा पेश भएका खर्चका विलभरपाई परीक्षण गर्दा रु.४३९४२५४ को मात्र वील भरपाई पेश हुन आएकोले नपुग रकम ५३७८८।५० मा उपभोक्ता समितिको योगदान घटाई बाँकी रकम सम्वन्धीत उपभोक्ता समितिसँग असुल गर्नुपर्ने रु.. | २३५५३ |
| ६.१२ | **पकेट क्षेत्र विकास :** १३८/२०७६/०३/०६ : प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तगत साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) क्षेत्र विकास कार्यक्रम संचालन कार्यविधि,२०७३ को दफा ५.२ मा तरकारी पकेट संचालक समिति गठन हुनुपर्ने र उक्त समिति जिल्ला कृषि विकास कार्यालयमा दर्ता हुनुपर्ने, समितिले पकेट क्षेत्रवाट उत्पादित वस्तुको मूल्य निर्धारण, बजारीकरण, प्रशोधन लगायतका क्रियाकलापको मापदण्ड निर्धारण गरी व्यवस्थीत गर्नुपर्ने, समिति मार्फत संचालन गरिने आर्थिक कारोवारको लेखा व्यवस्थापन तथा लेखापरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख गरिएको छ। तरकारी पकेट कार्यक्रम कैलाश ९ र १० नामटार र गाँउपालिका बीच गोलभेडा विउ लगायत ३० वटा टनेल निर्माण कार्यको निम्ती रु.१००१७०० को लागत अनुमान तयार गरी समितिले रु.४०१७०० योगदान गर्ने र गाँउपालिकाले रु.६००००० ब्यहोर्ने गरी मिति २०७६।०१।१० मा संम्झौता भए अनुरुप कुल रु.१००४६७७ को प्लाष्टिक, नेट जाली, जैविक मल, सुतली, जुटको डोरी, GI wire, ड्रिप सेट ड्रम सहितका सामान खरिद गरेको विल भरपाई एवं टनेल निर्माणको फोटो सहित रु.१००४६७७ को खर्च विवरण र कार्य सम्पन्न प्रतिवेदन पेश गरी समितिले रु.६००००० भुक्तानी लिएको छ। साविक कृषि विकास कार्यालय खारेज भैसकेको अवस्थामा समिति दर्ताको विषयमा अन्यौल रहेको छ । समितिले पकेट क्षेत्रवाट उत्पादीत वस्तुको मुल्य निर्धारण, बजारीकरण, प्रशोधन तथा व्यवस्थापन सम्वन्धमा भए गरेका क्रियाकलाप विषयमा मुल्याङ्कन गर्न सकिएन । समितिको आर्थिक कारोवार स्पष्ट देखिने गरी लेखापरीक्षण प्रतिवेदन समेत पेश गरेको पाइएन । अतः तरकारी पकेट कार्यक्रम सञ्चालन गर्दा माथि उल्लेखित बुँदाहरुलाई समेत मध्यनजर राखी निश्चीत कार्यविधि तथा निर्देशिका तयार गरी सोही अनुसार संचालन गर्ने तर्फ गाँउपालिकाले ध्यान दिनुपर्दछ। | |
| ६.१३ | **१३९/२०७६/०३/०६ :** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अर्न्तगत साना व्यवसायीक कृषि उत्पादन (पकेट) विकास कार्यक्रम संचालन कार्यविधि, २०७३ को दफा ५.२ मा पकेट विकास कार्यक्रम संचालन गर्न संचालक समिति गठन हुनुपर्ने, उक्त समिति जिल्ला कृषि विकास कार्यलयमा दर्ता हुनुपर्ने, समितिको आर्थिक कारोवारको लेखा संचालन तथा लेखापरिक्षण प्रतिवेदन तयार गर्नुपर्ने, समितिले पकेट क्षेत्रवाट उत्पादीत वस्तुको वजारीकरण, मुल्य निर्धारण, प्रशोधन लगायतका क्रियाकलापको व्यवस्थापन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा उपनियम (३) को खण्ड (ख) वमोजीमको लागत अनुमानमा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रहेको मूल्य अभिवृद्धि कर, आभरहेड, कन्टिजेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । लागत अनुमान रु.११२४३०० रहेको सहकारी खेती, साना सिंचाई तथा मल, विउ ढुवानी कार्यक्रम संचालनको लागि प्रगतिशिल कृषक समुह तरकारी उत्पादन पकेट क्षेत्र संचालक समिति कैलाश ५, गोगने र गाँउपालिका बीच मिति २०७५।०९।१० मा संभौता भई मल, विउ, इलेक्ट्रोनिक स्प्रेयर, विषादी, रोगनाशक सुक्ष्म तत्व, प्लाष्टिक, गार्डेन पाइप, प्लाष्टिक पाइप, मेशिनरी औजार लगायतका सामाग्री खरिदको वील र त्यससँग सम्वन्धित तालीम संचालन गरेको रु.६८०४९३।५० को कार्यसम्पन्न प्रतिवेदन पेश गरि समितिलाई रु.७००००० भुक्तानी भएको छ । कार्यक्रम संचालन गर्दा पकेट विकास कार्यक्रम संचालन कार्यविधि, २०७३ को दफा ५.२ मा उल्लेख भए अनुसार समिति दर्ता, समितिको आर्थिक कारोवारको लेखा तथा लेखापरीक्षण प्रतिवेदन तथा पकेट क्षेत्रवाट उत्पादीत तरकारी तथा वस्तुको मूल्य निर्धारण, वर्गिकरण, प्रशोधन र व्यवस्थापन लगायतका क्रियाकलापको सम्वन्धमा स्रेस्तासाथ कागजात पेश नभएकोले मूल्याङ्कन गर्न सकिएन । तरकारी तथा कृषिसँग सम्वन्धीत पकेट बिकास कार्यक्रम संचालन गर्दा माथि उल्लेखित कार्यहरुलाई समेत समेटी गाँउपालिकावाट निश्चीत कार्यविधि तथा निर्देशिका तयार गरी सोही अनुरुप कार्यक्रम संचालन गर्नुपर्दछ ।<br>लागत अनुमान रु.११२४३०० रहेको उक्त कार्यक्रममा उपभोक्ता समितिको योगदान रु.४२४३०० (३३.७३ प्रतिशत) रहेकोमा रु.६८०४९३.५० को कार्यसम्पन्न प्रतिवेदन पेश गरेको आधारमा समितिलाई रु.७००००० भुक्तानी भएको छ । भुक्तानी गर्दा लागत अनुमानको तुलनामा घटीको कार्यसम्पन्न पेश गरि गाँउपालिकाले सबै रकम भुक्तानी दिएको पाइएकोले सम्वन्धित प्राविधिकलाई कानून बमोजिम जिम्मेवार बनाई बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.. | २५६७५० |
| ६.१४ | **विरुवा रोपण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) सरकारी निकायवाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला गोष्ठी आदि संचालन गर्नुपर्दा सोको कार्यक्रम र लागत अनुमान स्वीकृत गराई कार्यक्रम सम्पन्न भइसकेपछि कार्यक्रम अनुरुप कार्य सम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका मालसामानको विवरण तथा विल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने साथै नियम ३६(३) खर्च गर्दा खर्चको वील भरपाइ सहित लेखा राख्नुपर्ने उल्लेख छ । कृषकलाई घाँस तथा फलफुलका विउ खरिद गरी वितरण गरिएकोमा विरुवा रोपण भएको पुष्ट्याई र प्रमाण पेश भएको छैन । जुन यसप्रकार छन । | |
| ६.१४.१ | १०५/२०७६/०१/३१ : कृषि प्रसार कार्यक्रम अर्न्तगत किवी क्षेत्र विस्तार कार्यक्रम संचालन गर्न कृषि संयोजक अमरकान्त झाले रु.१५७५०० पेश्की लिएकोमा किवीका विरुवा ५०० थान खरिद तथा वितरणको रु.६०५०० र खर्च नभै बाँकी रहेको रु.९७००० फिर्ता गरी फछ्यौट गरेकोमा खरिद र वितरण गरिएको ५०० वोट विरुवा रोपण गरेको प्राविधिक पुष्ट्याई र प्रमाण पेश नभएको रु.. | ६०५०० |
| ६.१४.२ | २९७/२०७६/०३/३१ : ना.प.से.प्रा. भिमसेन खड्काले लिएको पेश्की रु.१००००० इपिलो, अमृसो, स्टाइलो, सेतो क्लोवर, सुडान जातका घाँसको विउ खरिद तथा वितरण गरेको भर्पाइको आधारमा फछ्र्यौट गरिएकोमा घाँसका विउ रोपण गरिएको प्रमाण र प्राविधिक पुष्ट्याई पेश नभएको रु. | १००००० |
| ६.१४.३ | २९८/२०७६/०३/३१ : ना.प.से.प्रा. भिमसेन खड्काले लिएको पेश्की रु.५०००० इपिल, मेन्डुला, सेतो कलोभर र भटमासे जातका घाँसका विउहरु खरिद तथा वितरण गरेको आधारमा फछ्र्यौट गरेकोमा उक्त घाँसहरु रोपण गरिएको खुल्ने प्राविधिक पुष्ट्याई हुने प्रमाण पेश नभएको रु.. | ५०००० |
| ६.१४.४ | २९९/२०७६/०३/२१ : ना.प.से.प्रा. भिमसेन खड्काको पेश्की रु.५०००० विभिन्न जातका घाँसका विउ खरिद तथा वितरण गरेको भर्पाइको आधारमा फछ्यौट गरिएकोमा वितरण भएको घाँसका विउ रोपण भएको खुल्ने प्राविधिक पुष्ट्याई र प्रमाण पेश नभएको रु.. | ५०००० |
| ६.१५ | **अनुदान वितरण :** १६३/२०७६/०३/१९ : कृषि व्यवसायलाई सहज, सरल, व्यवसायिक र आधुनिकिकरण गरी आत्मनिर्भर बनाई उनीहरुको जिवनस्तरमा सुधार ल्याउन कृषि व्यवसायमा निर्भर रहने कृषकलाई कृषि कार्यको लागि आवश्यक पर्ने उपकरण खरिदको लागि ५० प्रतिशत अनुदान दिने कार्यक्रमको लागि गाँउपरिषदवाट बजेट विनियोजन गरिएकोमा कृषक समुह वा किसानको तर्फवाट ५० प्रतिशत रकम तिरी मिनि टेलर खरिद गरी ल्याई सकेपछि खरिद गरिने पार्टीलाई ५० प्रतिशत रकम भुक्तानी दिनुपर्ने संझौताको शर्त बमोजीम गाँउपालीकामा दर्ता भएका ६४ कृषक समुहहरुमध्ये ५० वटा कृषक समुहहरुलाई ५० प्रतिशत अनुदानमा मिनि टिलर खरिद र वितरणको लागि रु. १९५०००० भुक्तानी भएको छ । जसमा देखिएका ब्यहोरा यस प्रकार छन । | |
| ६.१५.१ | दर्ता भएका ६४ कृषक समुह मध्ये ५० वटा कृषक समुहसँग निवेदनको आधारमा छुट्टा छुट्टै सम्झौता गरि मिनि टेलर वितरण एवं मिनि टेलरको कुल मुल्यको ५० प्रतिशत रकम भुक्तानी भएकोमा ती समुहहरुले | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | नै मिनि टेलर वापत अनुदान पाउनुपर्ने निश्चीत आधार तथा क्राइट एरिया निर्धारण गरिएको छैन । अत : अनुदान मार्फत टेलर वितरण गर्दा दर्ता भएका सवै समुहहरुलाई जानकारी पाउने गरी सार्वजनिक सूचनाको माध्यमवाट कार्यक्रमको बारेमा सुसुचित गराई पर्न आएका निवेदन एवं माग मध्येबाट कृषक समुहमा आवद्ध किसानको सख्या, कृषि भुमिको क्षेत्रफल, उत्पादन हुने कृषि बालीको परिमाण र त्यससँग सम्वन्धीत अन्य कुराहरु समेतका आधारमा निश्चीत मापदण्ड एवं क्राइटएरियाका आधारमा कृषक समुह छनौट गरेर मात्र वितरण गर्नुपर्ने देखिन्छ । | |
| ६.१५.२ | मिनी टेलर खरिद तथा वितरण प्रक्रिया अर्न्तगत कृषक समुहले ब्यहोर्ने ५० प्रतिशत रकम गाँउपालिकाले सम्वन्धीत कृषक समुहलाई गाँउपालिकाको खातामा जम्मा गर्न लगाई गाँउपालिकाले दिने ५० प्रतिशत अनुदान रकम समेत जोडी त्यसको आधारमा आवश्यक पर्ने मिनि टेलर सार्वजनिक खरिद नियमावली, २०६४ को व्यवस्था अनुरुप निश्चीत प्रक्रिया र बिधिको प्रयोग गरी प्रतिस्पर्धाको माध्यमवाट एउटै प्याकेज बनाई मितब्ययी रुपमा खरिद गरि सार्वजनिक स्रोत साधनको सदुपयोग गर्नेतर्फ गाँउपालिका सचेत हुनु जरुरी देखिन्छ । | |
| ६.१६ | **सवारी साधन खरिद** - गाँउपालिकाले संघिय बजेटबाट यो वर्ष निम्नानुसारका सवारी साधन खरीद गरी रु.१४३१००० खर्च लेखेकोमा अर्थ मन्त्रालयको स्वीकृती लिएको देखिएन । गाँउपालिकाले निम्नानुसार ५ थान मोटर साइकल र १ थान स्कुटर खरिद गर्दा विभिन्न मितिमा विभिन्न सप्लायर्सहरुसँग पटक पटक सोझै खरिद गरेको छ । यसरी अर्थ मन्त्रालयको स्विकृती बेगर र सोझै खरिदको विधिबाट सवारी साधन खरिद गरेको कार्य मितव्ययी र कानुनसम्मत भयो भन्न सकिने अवस्था देखिन आएन । | |

| भौ.न.मिति | सप्लायर्सको नाम | सावारी किसीम | रकम |
|---|---|---|---|
| १३/२०७५/९/८ | सिटी बाइक सेन्टर, हेटौडा | सुजुकी जिक्सर, १ थान | २७४९०० |
| २०/२०७५/१०/४ | भाजुरत्न इन्जीनियरिङ एण्ड सेल्स, मकबानपुर | होण्डा साइन २ थान | ४०७८०० |
| २९६/२०७६/३/३१ | राज मोटर्स प्रा.लि. हेटौडा | एफ.जेड. १ थान | २६२९०० |
| २९६/२०७६/३/३१ | तारा मोटर्स प्रा.लि. हेटौडा | टि.भि.एस. एन्टर्क स्कुटर १ थान | २२६००० |
| ३०१/२०७६/३/३१ | होराइजन अटो प्रा.लि. हेटौडा | पल्सर १ थान | २५९४०० |
| | | जम्मा | १४३१००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६.१७ | **खरिदको प्याकेजः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा सार्वजनिक निकायले खरिद कार्य गर्दा खरिद मुल्यको आधारमा अपनाउने खरिद बिधिको उल्लेख गरेको छ । उपदफा (२) मा यो ऐन र नियमावली बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ । नियमावलीको नियम ७ मा खरिदको गुरु योजना र नियम ८ मा बार्षिक खरिद योजना स्वीकृत गराई खरिद गर्नुपर्ने र नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने सम्वन्धी व्यवस्थाहरु उल्लेख रहेका छन । कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिद कार्यहरु गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । विभिन्न कार्यक्रम संचालनको क्रममा खरिद गरेका विभिन्न सामाग्री तथा सम्पत्तीहरु, विभिन्न किसिमका कार्यक्रमको लागी चाहिने सामाग्रीहरु आदिको खरिद कार्य गर्दा साना ठुला सबै कार्यक्रम प्रत्येकको छुट्टा छुट्टै रुपमा कार्यक्रम वाईज सोझै वा दररेट लिएर खरिद गर्ने गरेको छ । वार्षिक खरिद योजना अनुसार सबै प्रकारका मालवस्तु तथा सम्पत्तीको एकमुष्ट प्याकेज बनाएर सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ले तोकेको खरिद विधि र प्रकृया पुरा गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्ने व्यवस्था मिलाउनु पर्नेमा सो बमोजिम नगरी साना ठुला सबै कार्यक्रम वाइज छुट्टा छुट्टै रुपमा खरिद गर्ने गरिएको छ । जसले गर्दा एउटै सामाग्री समेत कार्यक्रम वाइज पटक पटक खरिद गर्नु परेको, एउटै सामाग्रीको मूल्य समेत फरक पर्ने गरेको, एउटै सामग्री फरक फरक बिक्रेताबाट एउटै वा फरक मितिमा खरिद गर्ने गरिएको अवस्था बिद्यमान रहेको देखियो । वर्ष भरिमा कुन कुन मालवस्तु के कति परिमाणमा के कति मूल्यको खरिद भयो एकमुष्ट अभिलेख अद्यावधिक नगरेबाट यकिन गर्न सकिएन । यसरी खरिद गरेका कतिपय सामाग्रीहरुको उपयोग र काम गरेको यथेष्ठ आधार र प्रमाण समेत श्रेस्तासाथ संलग्न गरेको पाइएन । यसमा सम्वद्ध निकायहरुले ध्यान दिई कानुन बमोजिम सुधार गरिनु आवश्यक छ । यसका केहि उदाहरण निम्न छन् । यसवाट खरिद कार्य व्यवस्थित, कानुन सम्मत, मितव्ययी र प्रतिस्पर्धी भइ पूर्णरुपमा सदुपयोग भयो भन्न सकिने अवस्था नदेखिएकोले अनियमित भएको रु………………. | १२५५५२६ |

| भौ.न.मिति | सप्लायर्सको नाम | विवरण | रकम |
|---|---|---|---|
| १९/२०७५/१०/४ | विज्ञ कम्प्युटर सप्लायर्स हेटौडा ४ | डेल डेस्कटप, कम्प्युटर, प्रिन्टर लगायत | ३०५१०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| १९/२०७५/१०/४ | भाग्योदय ट्रेड एण्ड सप्लायर्स, विरगञ्ज | सामसुङ्ग टि.भि., डिस होम | १३०६९४ |
| १९/२०७५/१०/४ | न्यु इट विजार्ड हेटौडा, ४ | डेल ल्यापटप | १६९५०० |
| १७/२०७५/९/२६ | सेभेन इलाभेन मोबाइल सप हेटौडा, ४ | स्मार्टफोन | ७५००० |
| १६/२०७५/९/२३ | टेकलाइट ग्रुप ट्रेड कन्सर्न हेटौडा, ४ | सि.सी. क्यामेरा तथा नेटवर्किङ्ग | १६३८५० |
| २२/२०७५/१०/१७ | जेरना कम्प्युटर इन्फोसिस हेटौडा, १० | ल्यापटप, प्रिन्टर | ९५२९४ |
| ५९/२०७५/१२/१५ | जरिना कम्प्युटर इन्फोसिस हेटौडा, १० | डेल ल्यापटप | ३८६७३ |
| २९५/२०७६/३/३१ | टेकलाइट ग्रुप ट्रेड कन्सर्न हेटौडा, ४ | डेल डेस्कटप लयायत | २७७४१५ |
| | | **जम्मा** | **१२५५५२६** |

६.१८ **परामर्शदाता खर्च :** सार्वजनिक खरिद ऐन २०६३ को नियम २९ मा सम्वन्धीत सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा सार्वजनिक निकायले कुनै ब्यक्ति, फर्म, संस्था वा कम्पनीवाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । यसरी परामर्श सेवा खरिद गर्दा अर्थ मन्त्रालयको सार्वजनिक खर्चको मापदण्ड निर्देशिका, २०७५ अनुसार लागत अनुमान तयार गरि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७२ बमोजीम २० लाख भन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचिमा रहेका परामर्शदातावाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरि पेश भएका प्रस्ताव मध्ये आर्थिक र प्राविधिक रुपमा प्रभावग्राही प्रस्ताव छनौट एवं स्विकृत गरि संम्झौता गर्नुपर्ने ब्यवस्था छ । कार्यालयले यो वर्ष परामर्श सेवा खरिदमा देहाय बमोजीमका ब्यक्ति तथा संस्थालाई रु.८००००० भुक्तानी दिई खर्च लेखेको छ । यसरी परामर्श सेवा खरिद गर्दा लागत अनुमान तयार गरी स्वीकृत गराउनु पर्नेमा सो बमोजीम गरेको देखिएन । परामर्श सेवा खरिद गर्दा तोकिएको विधि र प्रकृया अनुसार प्रतिस्पर्धात्मक रुपमा आर्थिक र प्राविधिक प्रस्ताव लिएर मूल्याङ्कनमा बढी अंक प्राप्त गर्ने परामर्शदातासँग सम्झौता गरी कार्य गराउनु पर्नेमा सो बमोजीम नगरी गाँउपालिका प्रोफाईल निर्माणको कार्य टुक्रा गरी गराएको छ । यसरी गराउँदा तथ्याङ्क संकलन लगायतको कार्य मुकेश कुशहवा नामक व्यक्तिसँग सोझै सम्झौता गरी कार्य गरिएको र निजलाई रु.५०१००२ भुक्तानी गरेको देखियो । बाँकी कार्य मध्ये प्रतिवेदन तयारी लगायतको कार्य गर्न सोझै ३ वटा प्रस्ताव माग गरी नेपाल विकास तथा अनुसन्धान केन्द्र नामक संस्थालाई रु २९८९९८ भुक्तानी भएको देखियो । यस प्रकार एउटै कामलाई टुक्रा गरेर विना प्रतिस्पर्धा कार्य गराएबाट उक्त ऐनको दफा ८ उपदफा १ र २ को उल्लंघन हुन गएको छ । यसरी गरिएको कार्यवाट कार्यालयलाई थप व्ययभार श्रृजना भए नभएको सम्वन्धमा यथार्थता एकिन गरिनुपर्ने देखिएको रु.. ८०००००

| भौ.न.मिति | कामको विवरण | भुक्तानी प्राप्त गर्ने | रकम |
|---|---|---|---|
| ५/२०७५/६/२३ | गाँउपालीका प्रोफाइल निर्माण कार्य | मुकेश कुशवाहा | ३५०००० |
| २८/२०७५/१०/२१ | गाँउपालीका प्रोफाइल निर्माण कार्य | मुकेश कुशवाहा | १५१००२ |
| ४/२०७५/६/२६ | गाँउपालीका प्रोफाइल निर्माण कार्य | नेपाल विकास तथा अनुसन्धान केन्द्र | १४९४९९ |
| २७/२०७५/१०/२१ | गाँउपालीका प्रोफाइल निर्माण कार्य | नेपाल विकास तथा अनुसन्धान केन्द्र | १४९४९९ |
| | | जम्मा | ८००००० |

६.१८.१ उक्त भुक्तानी मध्ये भौ.नं. ४/२०७५/०६/२६ बाट नेपाल विकास तथा अनुसन्धान केन्द्रलाई मु.अ.कर समेत रु १४९४९९ भुक्तानी हुदा निजले जारी गरेको कर विजकमा मू.अ.कर नियमावलीले तोकेको ढाँचा भन्दा फरक रुपमा कर विजक नं. ०१ कम्प्युटर प्रिण्ट गरेको देखिएको हुदाँ उक्त मु.अ.कर रकम सम्वन्धीत राजस्व खातामा समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.. १७१९९

७. **स्थानिय विकास पूर्वाधार साझेदारी :**

**माथिल्लो पकनी तल्लो पकनी लिफ्ट खा.पा. तथा सरसफाई योजना :** उक्त योजना निर्माण कार्यमा उपभोक्ता समितिले रु. ५४६८२२४ को कार्य गरी स्थानिय पूर्वाधार विकास सझेदार कार्यक्रमबाट रु.४९७५००० र गाँउपालिका पूजिगत कार्यक्रमबाट रु.५ लाख गरी जम्मा रु ५४७५००० उपभोक्ता समितिलाई भुक्तानी भएको देखियो । जसको परिक्षण गर्दा देखिएको ब्यहोरा निम्नानुसार छन ।

७.१ एक निजी परामर्शदाताले तयार गरेको Detail project report (DPR) अनुसार योजनाको कुल लागत अनुमान २१०४०६२० रहेको देखियो । तर लेखापरीक्षण अवधिसम्म लागत अनुमान गाँउपालिकाबाट स्विकृत भएको देखिन आएन । उक्त DPR प्रतिवेदनलाई कार्यालयले चेक जाँच गरी स्विकृत गर्नुपर्ने र सो बमोजीम निर्माण कार्य गर्न सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ ले तोकेको खरिद विधिहरु मध्ये बोलपत्रको विधिवाट पूर्ण प्रतिस्पर्धा र पारदर्शिता कायम गरी निर्माण व्यवसायी मार्फत निर्माण कार्य अगाडी बढाउनुपर्ने विद्यमान कानुनी प्रावधान विपरित DPR ले तय गरेको कुल लागत अनुमान मध्येको रु. ५४३६९०५.७० टुक्राइ कार्यालयले स्वीकृत गरी सोहि लागत अनुमान अंकमा उपभोक्ता समितिसँग सम्झौता

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गरी कार्य गराइएको छ । यस प्रकार उपभोक्ता समितिसँग कार्य गराएवाट ऐनको दफा ८ उपदफा (१) र उपदफा (२) उल्लंघन हुन गएको देखियो । त्यसैगरि नियमावलीको नियम ९७ विपरित प्राविधिक जटिलतायुक्त कार्य समेत उपभोक्ता समिति मार्फत कार्य गरिएको छ। यस सम्वन्धमा सम्वन्धीत निकायबाट यथार्थता यकिन गरी आवश्यक कारवाही गर्नु पर्दछ । | |
| ७.२ | उक्त निर्माण कार्यको सम्झौता उपभोक्ता समितिसँग मिति २०७६/०१/१३ मा गरी कार्य सम्पन्न गर्ने अवधि २०७६/०३/१५ सम्म तोकिएकोमा उपभोक्ता समितिले रु.५४६८२२४ वरावरको कार्य गरि उपरोक्त बमोजीम रु. ५४७५००० भुक्तानी लिएको देखिन आयो । यस प्रकार गरिएको कार्य आयोजनाको कुल जम्मा कार्यमध्ये करिब २६ प्रतिशत मात्र सम्पन्न भएको पाइयो । आयोजनाको बाँकी कार्य हुने वा नहुने समवन्धमा लेखापरीक्षण अवधिसम्म कुनै प्रगति भए गरेको देखिन आएन । जसले गर्दा आयोजना अलपत्र परेको अवस्था देखियो । यस सम्वन्धमा सम्वन्धीत निकायको ध्यान जानु जरुरी देखिन्छ । | |
| ७.३ | उपभोक्ता समितिले जम्मा कार्य रु.५४६८२२४ गरेकोमा निज समितिले जनसहभागिताबाट गरेको कार्य शुन्य प्रतिशत रहेको छ । जुन सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ विपरीत हुने देखियो । साथै निज समितिलाई कार्यालयवाट रु.५४७५००० भुक्तानी भएको देखिएवाट निर्माण कार्य भन्दा बढी भुक्तानी हुन गएको रुकम रु.६७७६ उपभोक्ता समितिवाट असुल गर्नुपर्ने रु.. | ६७७६ |
| | **समानिकरण अनुदान चालु :** | |
| ८ | **वैठक भत्ता :** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ४ ले पदाधिकारी र कर्मचारी बाहेकका सदस्य र सभाका सदस्यले न्यायिक समिति वा कुनै समितिको बैठकमा भाग लिए बापत अनुसुचि १ मा इजलासको बैठक, विधायन समिति, लेखा समिति, सुशासन समितिका सदस्यलाई मात्र बढीमा १२ वटा वैठकको लागी रु.५०० का दरले वैठक भत्ता दिन सक्नेगरी तोकेकोमा तपशिल बमोजिम प्रति वैठक तोकिएको भन्दा बढी दरले वैठक भत्ता भुक्तानी गरेको देखियो । ऐनको व्यवस्था अनुरुप यस्तो वैठकमा भत्ता खर्च लेख्ने आधार नदेखिएको रु.... | ९४५००० |

| भौ.न./ मिति | मिति | बैठक | बैठक भत्ता |
|---|---|---|---|
| ६३/२०७५/८/१९ | विभिन्न | कर्मचारी भत्ता करार सेवा कर्मचारी छनौट | ६२६५० |
| २७५/२०७५/११/२९ | ०७५/६/२२ देखि ११/१७ सम्म | योजना जाचपास तथा फरफारक समिति | ४९५०० |
| २०६/२०७५/११/२९ | ०७५/८/२७ देखि ११/१२ सम्म | खरिद इकाई समिति तथा मुल्याङ्कन समिति | ६७५०० |
| ३९२/२०७६/३/२६ | विभिन्न | योजना फरफारक समिति बैठक भत्ता | १२७५०० |
| ४६१//२०७६/३/३१ | विभिन्न | योजना फरफारक समिति वैठक | ३१३५०० |
| ४८०//२०७६/३/३१ | विभिन्न | कार्यपालीका वैठक भत्ता | १०८००० |
| ४८३//२०७६/३/३१ | विभिन्न | खरिद इकाई समिति वैठक | ४९५०० |
| ४८३//२०७६/३/३१ | विभिन्न | मुल्याङ्कन समिति वैठक | १२०००० |
| ४८८//२०७६/३/३१ | विभिन्न | मुल्याङ्कन समिति वैठक | ७३५०० |
| १२६//२०७६/१०/१८ | विभिन्न | खरिद इकाई समिति वैठक | ३६००० |
| | | **जम्मा** | **९४५०००** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ८.१ | **वितरणमुखी खर्च :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ को खर्च गर्ने अख्तियारी र कार्य विधि सम्वन्धि व्यवस्थाको उपदफा (७) मा कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न पाउने छैन भन्ने व्यवस्था रहेकोछ । त्यसैगरी दफा ११ मा गाँउपालिकाको काम, कर्तव्य र अधिकार तोकेको छ । उक्त कानुनमा वितरणमुखी कार्यक्रम भन्दा विकासात्मक गतिविधि तर्फ गाँउपालिकाको स्रोत परिचालन हुन पर्ने उल्लेख छ । कार्यालयले यो वर्ष गाँउपालिका कार्यक्रम शिर्षकमा विनियोजन भएको बजेटबाट देहाय बमोजिम रु.२२३०००० उपभोग, संचालन तथा वितरण प्रकृतिका खर्चहरु गरेको देखियो । वितरण प्रकृतिका खर्च बजेट शिर्षकमा समावेश गरी खर्च लेख्ने कार्यबाट कार्यालयलाई थप व्ययभार पारेको छैन भन्ने अवस्था नदेखिएको रु.... | २२३०००० |

| गो.भौ.न./मिति | विवरण | रकम |
|---|---|---|
| ४९/२०७५/८/७ | नेपाल चेपाङ संघ मकवानपुर | १०००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| ४९/२०७५/८/७ | नेपाल मगर युवा संघ, मकवानपुर | १०००० |
| २८४/२०७६/२/९ | केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान, मकवानपुर (भलिवल प्रतियोगिता सञ्चालन) | ५०००० |
| ४३०/२०७६/३/३० | स्यार्सेकालिका माई मेला व्यवस्थापन | ५०००० |
| ४२८/२०७६/३/३० | तिलेश्वर आ.वि. भवन उद्घाटन कार्यक्रम | ५०००० |
| ३५९/२०७६/३/२३ | आमासमुह पुनर्गठन कार्यक्रम | ६०००० |
| १५५/२०७५/११/१२ | कालीका मेला व्यवस्थापन समिति | ५०००० |
| २१२/२०७५/१२/५ | अन्तरजिल्ला कृषक भ्रमण कार्यक्रम | ३००००० |
| ४२४/२०७६/३/२९ | कमलादेवि मा.वि. भवन उद्घाटन कार्यक्रम | ५०००० |
| ४२५/२०७६/३/२९ | युवा तथा खेलकुद विकास समिति (खेलकुद प्रशिक्षण तथा प्रतियोगिता) | १६००००० |
| | **जम्मा** | **२२३००००** |

८.२ **परामर्श सेवा :** सार्वजनिक खरिद ऐन २०६३ को नियम २९ मा सम्वन्धीत सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा सार्वजनिक निकायले कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीवाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा अर्थ मन्त्रालयको सार्वजनिक खर्चको मापदण्ड निर्देशिका, २०७५ अनुसार तोकिएको दररेट अनुसार लागत अनुमान तयार गरि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७२ बमोजीम २० लाख भन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचिमा रहेका परामर्शदातावाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरि पेश भएका प्रस्ताव मध्ये आर्थिक र प्राविधिक रुपमा प्रभावग्राही प्रस्ताव छनौट एवं स्विकृत गरी संम्झौता गर्नुपर्नेमा सार्वजनिक निकायका मौजुदा जनशक्तिबाट हुनसक्ने समेतका निम्नानुसारका तालीम तथा कार्यक्रम ग्रैह सरकारी संस्थासँग विना लागत अनुमान उनीहरु स्वयंले नै प्रस्ताव गरेको रकम र दरलाई नै स्वीकार गरि अर्थ मन्त्रालयको सार्वजनिक खर्चको मापदण्ड निर्देशिका, २०७५ र सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान विपरित परामर्श सेवा खरिद गरि भुक्तानी भएको रकम नियमसम्मत नभएको रु. — ४०३७१६४

| भौ.न.मिति | कार्यक्रम | भुक्तानी लिने | प्रक्रिया | भुक्तानी |
|---|---|---|---|---|
| ४६२/२०७६/३/३१ | सार्वजनिक सुनुवाई कार्यक्रम | नेपाल एस.एम.एस. मिडीया प्रा.लि. हेटौडा | सोझै प्रस्ताव | २९५८०० |
| ४२७/२०७६/३/३० | युवा उद्यमशिलता विकास तालीम | करुवा क्रियसन प्रा.लि. | सोझै प्रस्ताव | ५००००० |
| ४३३/२०७६/३/३० | पत्रकारीता तथा उद्घोषण तालीम | फिलीङ्गो मिडीया प्रा.लि. | सोझै प्रस्ताव | ४९५२७९ |
| ४३४/२०७६/३/३१ | युवा क्षमता विकास तालीम कार्यक्रम | फिलीङ्गो मिडीया प्रा.लि. | सोझै प्रस्ताव | ३४९७३५ |
| ३७५/२०७६/३/२५ | गा.पा. स्तरीय वालक्लब गठन कार्यक्रम | हामी गर्न सक्छौ नेपाल | सोझै प्रस्ताव | २००००० |
| ३७६/२०७६/३/२५ | सामुदायिक तथा विद्यालयस्तरीय वालक्लव गठन कार्यक्रम | हामी गर्न सक्छौ नेपाल | सोझै प्रस्ताव | ५००००० |
| ३७७/२०७६/३/२५ | महिला नेतृत्व विकास तालीम कार्यक्रम | परेली सामाजिक खेल सास्कृतिक तथा वातावरण विकास समुह | सोझै प्रस्ताव | २५०००० |
| ४९८/२०७६/३/२६ | लागु औषध न्युनीकरण तथा बैकल्पीक कार्यक्रम सार्वजनिकीकरण तालीम | समुदायको लागि विकास संस्था नेपाल, मकवानपुर | सोझै प्रस्ताव | १३४७३५० |
| २८५/२०७६/२/९ | अपाङ्गता परिचयपत्र वितरण कार्यक्रम | महिला सशक्तिकरण तथा गरिवि निवारण समुह, नेपाल | सोझै प्रस्ताव | ९९००० |
| | | **जम्मा** | | **४०३७१६४** |

८.३ **खर्चको बिलभर्पाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ उपनियम (३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने प्रावधान रहेको छ। निम्नानुसार विद्यालयहरुले विद्यालय सुधार कार्यको लागि भनि प्रस्तावमा पेश गरेको आधारमा पुजिंगत अनुदान निकासा दिएको छ। विद्यालयलाई — ३६२६९९९

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

अनुदान निकासा दिनुपर्ने आधार, खर्चका विलभर्पाइ, अनुदान रकमवाट भएको कार्यको विवरण तथा प्राविधिक मुल्याङ्कन पेश हुन नआएकोले पेश हुनुपर्ने रु....

| भौ.नं./मिति | बिवरण | खर्च शिर्षक | भुक्तानी |
|---|---|---|---|
| ३६२/२०७६/३/२३ | कालिका मा.वि. कैलाश ९ | पुजिगत अनुदान | १८११३१३ |
| ३९३/२०७६/३/२६ | थुवाङ्ग मा.वि. भार्ता ७ | पुजिगत अनुदान | ६००००० |
| ३९४/२०७६/३/२६ | शक्तिशाली आधारभुत विद्यालय भार्ता १ | पुजिगत अनुदान | २४२९९२ |
| ४४८/२०७६/३/३१ | कालिका मा.वि. कैलाश ९ | पुजिगत अनुदान | ९७२६९४ |
| | | जम्मा | ३६२६९९९ |

८.४ **चालुबाट पूजिगत खर्च :** एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा चालु शीर्षकमा विनियोजित वजेटबाट पुजिंगत खर्च गर्न नपाइने उल्लेख छ । गाँउपालीकाको कार्यालयले यो वर्ष देहाय बमोजिम पुजिँगत खर्च चालु बजेटमा समावेश गरि खर्च लेखेको नियम सम्मत देखिएन । पूजिँगत प्रकृतिका खर्च पुजिँगत वजेट शिर्षकमा नै समावेश गरी खर्च लेख्नु पर्दछ । यसका केहि उदाहरण निम्न रहेका छन् ।

| भौ.न.मिति | विवरण | विद्यालयको नाम | भुक्तानी |
|---|---|---|---|
| १७३/२०७६/३/२३ | फर्निचर फिक्चर्स | भवानी मा.वि. कैलाश | १००००० |
| १७५/२०७६/३/२३ | बालकक्षा व्यवस्थापन | श्री आधारभुत विद्यालय कैलाश १ | ६०००० |
| १७७/२०७६/३/२३ | वालकक्षा व्यवस्थापन | जलेश्वर आ.वि. कैलाश ७ | ६०००० |
| १९२/२०७६/३/२६ | बालकक्षा व्यवस्थापन | श्री जिवन ज्योती आ.वि. कैलाश ९ | ६०००० |
| २०१/२०७६/३/२८ | वालकक्षा व्यवस्थापन | श्री नन्दीकेश्वर प्रा.वि. कैलाश ३ | ६०००० |
| २००/२०७६/३/२८ | फर्निचर फिक्चर्स | श्री धुवाङ्ग मा.वि. कैलाश ८ | ६०००० |
| | | जम्मा | **४०००००** |

८.५ **सफ्टवेयर तथा सम्वन्धीत समाग्री व्यवस्थापन :** कार्यालयले खरिद गरेको तथा अन्य विभिन्न संघ संस्था तथा विभिन्न माध्यमवाट कार्यालयमा प्राप्त भएका सफ्टवेयरको अभिलेख अद्यावधिक नहुदा प्रयोगमा नआउने, पटक पटक एउटै प्रकृतिका सफ्टवेयर खरिद भई कार्यालयलाई थप ब्यायभार हुनसक्ने देखिन्छ । यसरी प्राप्त हुन आएका विभिन्न प्रकृतिका सफ्टवेयरहरुको अभिलेख अद्यावधिक गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ । जस्का केहि उदाहरण यसप्रकार रहेको छन ।

| भौ.न.मिति | विवरण | सप्लायर्स | रकम | कैफियत |
|---|---|---|---|---|
| ४१०/२०७५/९/२२ | जिन्सी व्यवस्थापन सम्वन्धी सफ्टवेयर | सफ्टेक फमिसन प्रा.लि. | ३३९००० | खरिद |
| ४१२/२०७६/३/२८ | पि.आई.एस. सफ्टवेयर | इन्फो सर्भिसेज प्रा.लि., गल्कोपाखा | २४३५०० | खरिद |

८.६ **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा गाँउ सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार गाँउपालिकाबाट देहाय बमोजिम रु. ६४८५००० सुविधा वापत भुक्तानी भएको छ ।

| विवरण | प्रमूख | उपप्रमूख | वडा अध्यक्ष १० जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य ३१ जना | जम्मा |
|---|---|---|---|---|---|---|
| मासिक सुविधा | ३०००० | २५००० | २०००० | ६००० | ५००० | ५७९८००० |
| सञ्चार सुविधा(मासिक) | १५०० | १००० | ८०० | | | १२६००० |
| **बैठक भत्ता वार्षिक (बैठक संख्याको आधारमा)** | नखुल्ने | नखुल्ने | नखुल्ने | नखुल्ने | नखुल्ने | ५६१००० |
| | | | | | जम्मा रु. | ६४८५००० |

**संघिय सशर्त अनुदान तर्फ**

९. **शिर्षकगत अभिलेख :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेट भित्र र सम्वन्धित खर्च शिर्षकमा बाँकी रहेको लगायतका कुरा विचार गरी निकाशा दिनुपर्ने र सो अनुसार स्रेस्ता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष संघिय सशर्त अनुदान शिर्षकमा कुल विनियोजित रकमको शिर्षकगत अभिलेख नराखी, शिक्षा, महिला, कृषि, पशु र वन तथा वातावरणको एकमुष्ठ अभिलेख राख्नुले विनियोजन अनुसार निकाशा भयो भनि एकिन गर्ने आधार भएन । बर्सान्तमा संघिय सशर्त तर्फ निकासा भएको मध्ये कुन शिर्षकको के कति रकम फिर्ता भयो एकिन गर्न सकिएन । शिर्षकगत अभिलेख राखी स्रेस्ता व्यवस्थित गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९.१ | **छुट तलब :** स्रोत व्यक्तिको सिफारीस अनुसार चौमासिक रुपमा माग फारम संलग्न गरी स्पस्ट रुपमा खर्च लेख्नु पर्नेमा विद्यालयहरुले विभिन्न समयको छुट भएको उल्लेख गरी समय समयमा छुट माग फाराम संलग्न गरी पटक पटक खर्च लेखेको पाइयो । यसरी पटक पटक निकासा दिदा दोहोरो निकासाको जोखिम हुने भएकोले सम्भव भए एकैपटक रकम निकासा दिने व्यवस्था मिलाउनु पर्दछ । विद्यालयगत विवरण, सरुवा, बढुवा, अवकाश, शिक्षकको अभिलेख विद्यार्थी संख्या लगायतको विवरण संलग्न गरी अद्यावधिक तथ्याङ्क उपलब्ध गराई खर्च लेख्नुपर्नेमा सो विवरण व्यवस्थित नराख्ने तथा निर्देशिका अनुसार कार्य नगर्ने, माग फाराम लगायतको तथ्याङ्क समेत पुर्ण रुपमा प्रमाणित गरी विवरण अद्यावधिक सहितको जिम्मेवारी नलिने स्रोत व्यक्ति तथा शिक्षा संयोजकलाई सचेत गराई विवरण अद्यावधिक गर्न लगाउनु पर्दछ । | |
| ९.२ | **बालविकास पारिश्रमीक :** विद्यालय र विद्यालयसँग मातृ सम्वन्ध स्थापना गरी संचालनमा रहेको प्रारम्भीक बाल विकास केन्द्रका सहजकर्ताको पारीश्रमीक प्रति महिना रु.६००० का दरले चाडपर्व खर्च सहित १३ महिनाको हुन आउने रकम अनुदान दिदा सम्वन्धीत विद्यालयले प्रमाणीत हाजिरी र सिफारीस पेश गर्नुपर्ने, सम्वन्धीत विद्यालयहरुको शैक्षिक तथ्याङ्क (IEMS) भर्दा प्रारम्भिक बाल कक्षाको तथ्याङ्क अनिवार्य रुपमा भर्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५/०७६ मा उल्लेख गरिएको छ । गाँउपालीकाले उक्त विवरणहरु संलग्न नगरी पटक पटक गरी ४३ बाल विकास केन्द्रहरुको लागि रु.३६३२६०० पारिश्रमीक खर्च लेखेको छ । आफ्नो क्षेत्र अर्न्तगतको बाल विकास केन्द्रहरु एकिन गरी गाँउपालीकाले अभिलेख अद्यावधिक गरी प्रगति प्रतिवेदन हाजिरी विवरण संलग्न गरी मात्र खर्च लेख्नुपर्दछ । | |
| ९.३ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी द्वारा तयार गरिएको कार्यक्रम कार्यन्वयन पुस्तिका २०७५।०७६ को क्रियाकलाप न. २.१५.११.७६९ मा विद्यालय र विद्यालयसँग मातृ सम्वन्ध स्थापना गरी संचालनमा रहेका प्रारम्भीक वालविकास केन्द्रमा कार्यरत वालविकास सहजकर्ताको पारिश्रमीक प्रति महिना रु.६००० का दरले चाडपर्व खर्च सहित १३ महिनाको हुन आउने रकम निकासा दिदा सम्वन्धीत विद्यालयले शिक्षकको प्रमाणीत हाजिरी र सिफारीस पेश गर्नुपर्ने एंव सम्वन्धीत संस्थाले शैक्षिक तथ्यांक २०७५ भरी प्रमाणीत भएको एकिन गरेर मात्र निकासा दिनुपर्ने व्यवस्था छ। गाँउपालीका अन्तरगत ४३ वटा प्रारम्भीक वाल विकास केन्द्र रहेकोमा ४३ जना पूर्व प्राथमीक कक्षाका सहजकर्ताको पारिश्रमीक निकासा दिनुपर्नेमा निम्न विद्यालयहरुलाई २ जना पूर्व प्राथमिक कक्षाका सहजकर्ताको पारिश्रमीक निकासा दिएको पाइएकोले दरवन्दी भन्दा बढी नभएको पुष्ट्याइ सहित सहजकर्ताको प्रमाणित हाजिरी सहितको प्रमाण र पुष्ट्याइ पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.. | २३४००० |

| भौ.न.मिति | विद्यालयको नाम | हुनुपर्ने निकासा | निकासा भएको रकम | बढी निकासा |
|---|---|---|---|---|
| विभिन्न | सरस्वती नि.मा.वि. डाडाखर्क | ७८००० | १५६००० | ७८००० |
| विभिन्न | कमलादेवी मा.वि. डाडखर्क, २ | ७८००० | १५६००० | ७८००० |
| विभिन्न | तिलेश्वर महादेव प्रा.वि., गोगने २ | ७८००० | १५६००० | ७८००० |
| | | | जम्मा | २३४००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९.४ | **सिकाई केन्द्र अनुदान :** शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा तयार गरिएको कार्यन्वयन पुस्तिका २०७५/०७६ को क्रियाकलाप नं. २.२५.११.७७९ मा नियमित रुपमा चलेका सामुदायिक सिकाई केन्द्रको व्यवस्थापन समितिले गरेको सिफारीस, निर्णय र स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा हाजिरी प्रमाण प्राप्त भएपछि सामुदायिक सिकाई केन्द्रमा कार्यरत सामुदायिक परिचालकको रकम निकासा दिने र बाँकी रकम प्रस्तावका आधारमा निकासा दिने उल्लेख छ । गाँउपालीकाले निम्न सामुदायिक केन्द्रलाई अनुदान निकासा दिएकोमा कार्यन्वयन पुस्तिकामा उल्लेख भए अनुसार सिकाई केन्द्र व्यवस्थापन समितिको सिफारीस र सामाजिक परिचालकको प्रमाणित हाजिरी बेगर निकासा दिएको रकम नियम संम्मत नभएको रु.. | ४००००० |

| भौ.मिति | सामुदायिक सिकाई केन्द्रको नाम | अनुदान रकम |
|---|---|---|
| २०/२०७५/९/२७ | नामटार सामुदायिक सिकाई केन्द, नामटार | १००००० |
| ८१/२०७६/३/२५ | नामटार सामुदायिक सिकाई केन्द, नामटार | १००००० |
| ८१/२०७६/३/२५ | गोगने सामुदायिक अध्ययन केन्द्र, कैलाश ६ | २००००० |
| | जम्मा | ४००००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९.५ | **विद्यालय अनुदान :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० र ११ मा सार्वजनिक निकायले निर्माण तथा मालसामान लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। त्यसैगरि आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा बील भरपाई सहित लेखा राख्नु पर्ने उल्लेख छ । गाँउपालीकाले निम्न विद्यालयहरुलाई विज्ञान प्रयोगशाला निर्माण तथा व्यवस्थापनको लागि अनुदान उपलब्ध गराएकोमा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | लागत अनुमान तयार नगरी विद्यालयको नाममा एकमुष्ठ रकम उपलब्ध गराएको छ भने प्राप्त रकमबाट ल्याव तथा पुस्तकालयका लागि आवश्यक पर्ने सामाग्रि, फर्निचर तथा अन्य आवश्यक सामाग्री खरिद गर्दा भएको खर्चको बील भरपाई पेश भएको छैन । नियमावलीमा भएको व्यवस्था अनुरुप निर्माण तथा व्यवस्थापन कार्यको लागत अनुमान तयार नगरी खर्चको विल भरपाई समेत पेश हुन नआई भुक्तानी भएको रकम नियम सम्मत नभएको रु...... | ४०५०००० |

| भौ.न./मिति | विद्यालयको नाम | विवरण | रकम |
|---|---|---|---|
| ६४/०७६/३/८ | सरस्वती आ.वि. कैलाश २ बैकुण्ठ | पानी तथा स्वास्थ्य र सरसफाई सहितको शौचालय निर्माण | ७००००० |
| ६४/०७६/३/८ | भवानी मा.वि. कैलाश ३, कालिकाटार | पानी तथा स्वास्थ्य र सरसफाई सहितको शौचालय निर्माण | ७००००० |
| ६४/०७६/३/८ | कालिका मा.वि. केलाश ९ नामटार | पानी तथा स्वास्थ्य र सरसफाई सहितको शौचालय निर्माण | ७००००० |
| ६४/०७६/३/८ | धुवाङ्ग मा.वि. कैलाश ८ भार्ता | शिक्षण सिकाईमा सुचना प्रविधिको प्रयोग | ६५०००० |
| ६४/०७६/३/८ | कमलादेवि मा.वि. कैलाश २ छ्याङ्गदुङ्ग | पुस्तकालय स्थापना तथा ब्यवस्थापन | ६५०००० |
| ६४/०७६/३/८ | कालिका मा.वि. कैलाश ९, नामटार | पुस्तकालय स्थापना तथा ब्यवस्थापन | ६५०००० |
| | | जम्मा | ४०५०००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०. | **प्रधानमन्त्री रोजगार कार्यक्रम :** स्थानीय तहमा सुचिकृत बेरोजगार व्यत्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ । गाँउपालीकामा यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरी रु.१५७२८०५।० खर्च भएको देखियो ।<br>प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २ (ट) मा बेरोजगार व्यक्तिलाई स्थानीय तहको रोजगार सेवा केन्द्रमा सुचिकृत गरि परिचय पत्र वितरण गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी कार्यविधिको दफा १३ (१) मा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरु मध्येबाट निर्देशिकाको दफा २१ को उपदफा (३) बमोजिमको प्राथमिकता क्रमका आधारमा काममा खटाउनु पर्ने व्यवस्था गरेको छ । गाँउपालिकाले बेरोजगार व्यक्तिहरुको सुचिकृत गरि बेरोजगार परिचयपत्र वितरण गरेर प्राथमिकताको आधारमा मात्र कामका लागि पारिश्रमिक कार्यक्रममा सहभागि गराउनु पर्नेमा गरेको छैन । वडाको सिफारिशको आधारमा कामदारहरु छनौट गरि कार्यक्रम सञ्चालन गरेको देखिँदा वास्तविक बेरोजगार व्यक्तिहरुले नै रोजगारी प्राप्त गरे भन्ने आधार रहदैन । कार्यक्रममा सहभागी कामदारहरुको ज्याला बैंकिङ् प्रणालीबाट भुक्तानी गर्ने अवस्था हुँदा हुदै त्यसो नगरी वडा अध्यक्षलाई वितरणको लागि नगदै दिएको पाईएकोले वितरण गरिएको रकम विश्वसनिय छ भन्न सकिएन । आयोजना सञ्चालन पुर्व स्थानीय तहले प्राविधीक कर्मचारी खटाई प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने तथा सोको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन गर्नुपर्नेमा प्रतिवेदन संलग्न भएको छैन । कानूनमा भएको व्यवस्थाको पालना गर्दै सुचिकृत बेरोजगार हरुले रोजगारी पाउने अवस्थाको सृजना गरेर, रोजगार व्यवस्थापन सुचना प्रणालीलाई अद्यावधिक गर्दै कामका लागि पारिश्रमिक कार्यक्रमलाई विश्वासनिय तथा प्रभावकारी बनाउनु पर्दछ । | |
| | **जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा कार्यक्रम तर्फः** | |
| ११. | **नाम नबिकरण :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि, २०७५ को दफा ७ (१) मा हाल भत्ता प्राप्त गरिरहेका सबै प्रकारका लाभग्राहीले आगामी आर्थिक बर्ष भित्र भत्ता लिन चाहेमा दफा ६(१)मा उल्लेखित समयावधि भित्र वडा कार्यालयमा दरखास्त दिनु पर्ने व्यवस्था छ । गाउँपालिका कार्यालयले उल्लेखित व्यवस्था अनुसार अधिकाशं लाभग्राहीको नाम नबिकरण नगरी बिगत बर्षहरुमा भत्ता पाई राखेकाहरुको नामावलीलाई नै नबिकरण मानी भत्ता बितरण गर्ने गरेका कारणले गाँउपालिकाले अनुमान गरेको अनुमानित बजेट एकिन हुन नसकेको देखियो । अतः कार्यालयले लाभग्राहीहरुको नामावली कार्यबिधिमा उल्लेखित भएको व्यवस्था अनुसार नबिकरण गराउनु पर्ने देखिन्छ । | |
| ११.१ | **लगत अद्यावधिक :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ६ वमोजिम नाम दर्ता तथा नवीकरणवाट आगामी आर्थिक वर्षको लागि कायम हुन आएको लाभग्राहीहरुको संख्यात्मक विवरण प्रत्येक गाउँपालिका तथा नगरपालिकाले पौष मसान्त भित्र अनुसूची ५ वमोजिमको ढाँचामा लगत अद्यावधिक गरी सोही अनुसार भुक्तानी गर्नु पर्ने प्रावधान छ । गाँउपालिका अर्न्तगतका १० वटै वडाहरुले भत्ता वितरण कार्यको लागि तोकिएको ढाँचामा चौमासिकगत लगत अद्यावधिक नगरी खर्च लेखेको पाइयो | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>। यसरी भत्ता वितरण गर्दा वास्तविक लाभग्राहीहरुको संख्या एकिन गर्न नसकिने साथै कार्यविधिको परिपालना समेत नगरेको पाइयो । गाँउपालिकाले कार्यविधिको परिपालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११.२</td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १६(ग) मा भत्ता पाउने व्यक्तिले सोही आर्थिक वर्ष भित्र रकम बुझि सक्नुपर्ने र वैक मार्फत भुक्तानी पाउने लाभग्राहीले आफ्नो खातामा जम्मा भएको रकम खाता निष्क्रिय नभएसम्म चाहेको समयमा झिक्न पाउने व्यवस्था रहेको छ । गाँउपालिकले वितरण गर्नको लागी वैकमा पठाएको आ.व २०७५।७६ को १० वटा वडाका १९४ जना लाभग्राहीको विभिन्न चौमासिकको  सामाजिक सुरक्षा भत्ता रु.३१८६४०० र सोहि रकमवाट प्राप्त व्याज रु १६३८५०.९५ गरि जम्मा रु.३३५०२५०.९५ वैकमा निष्क्रिय रुपले खातामा मौज्दात रहेकोले सो रकम के कति कारणले वैकमा मौज्दात रहेको हो यकिन गरी तोकिएको समय भित्र वितरणको व्यवस्था मिलाउनु पर्दछ अन्यथा उक्त रकम संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु......</td><td>३३५०२५१</td></tr>
<tr><td></td><td><table>
<tr><th>वडा नं</th><th>लाभग्राहीको संख्या</th><th>आ.व २०७५।७६ को रकम</th><th>व्याज प्राप्ती</th></tr>
<tr><td>१</td><td>१९</td><td>३५७६००</td><td>१७४७४.३९</td></tr>
<tr><td>२</td><td>१३</td><td>२७५२००</td><td>१५९३६.९४</td></tr>
<tr><td>३</td><td>२६</td><td>२४६४००</td><td>१०७०५.०६</td></tr>
<tr><td>४</td><td>२९</td><td>५३३६००</td><td>२६१२५.०९</td></tr>
<tr><td>५</td><td>२१</td><td>२९६०००</td><td>१५१४८.५४</td></tr>
<tr><td>६</td><td>१९</td><td>२९१२००</td><td>१४१२०.१३</td></tr>
<tr><td>७</td><td>१५</td><td>२३३६००</td><td>१८६५७.५१</td></tr>
<tr><td>८</td><td>१६</td><td>२४००००</td><td>१२२०१.१४</td></tr>
<tr><td>९</td><td>१७</td><td>३२०८००</td><td>१४५३१.८८</td></tr>
<tr><td>१०</td><td>१९</td><td>३९२०००</td><td>१८९५०.२७</td></tr>
<tr><td>जम्मा</td><td>१९४</td><td>३१८६४००</td><td>१६३८५०.९५</td></tr>
</table></td><td></td></tr>
<tr><td>११.३</td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १५(४) मा सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघिय संचित कोषमा दाखिला हुने व्यवस्था रहेको छ । कैलाश गाँउपालिकामा गाँउपालिका कार्यालयको अनुरोधमा मृत्यु भएका नागरिकको लगत कट्टि गरि मृत्यु भएको अवधिसम्म वाहेकको वढि भुक्तानी भएको बाँकी रकम बैकले  गाँउपालिका सञ्चित कोषमा फिर्ता गरेको रु.१४३४०० संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु.....</td><td>१४३४००</td></tr>
<tr><td></td><td>आन्तरीक आय तर्फः</td><td></td></tr>
<tr><td>१२.</td><td>आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद १२ र १३ ले राजस्वको अभिलेख अद्यावधिक गरि  लेखापरिक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था गरेको छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार आम्दानी खर्च पुष्टि हुने गरि प्रमाण राख्नुपर्ने ब्यवस्था रहेको छ । कार्यालयले योवर्ष आन्तरिक आम्दानी रु.३३०८६५८.७८ गरेको बिवरण प्राप्त भएको छ । गाँउपालिकाले यस आर्थिक वर्षमा ढुंगा गिट्टी करको लागी २०, नगदी रसिद ८०, एकिकृत सम्पती कर ६० गरि जम्मा १६० प्याड नगदी रसिद छपाई गरेकोमा नगदि रसिद ४५ प्याड प्रयोग भई ३५ प्याड स्टोरमा मौज्दात रहेको छ । एकिकृत सम्पती कर तर्फ वडामा ४२ वितरण भई १८ प्याड स्टोर मौज्दात रहेको छ । गाँउपालिका कार्यालयका १० वटा वडा कार्यालयहरुले गाँउपालिकाबाट प्राप्त रसिद प्याड थान, आम्दानीमा प्रयोग भएका रसिदहरु र बाकी रहेका रसिदहरुको अभिलेख अद्यावधिक गरेको छैन । तोकिएका म.ले.प.फारम नं. १०८, १०८(क) र (ख), १०९ र २३ लगायत निम्नानुसारका अभिलेखहरु ब्यवस्थित राखेको नदेखिदा वडा कार्यालयहरुबाट भएको आम्दानी यकिन गर्न सकिएन । यस सम्वन्धमा यथार्थता छानविन गरीनु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>● आन्तरीक आयमा प्रयोग हुने रसिदहरुको छपाई, आम्दानी, खर्च र बांकीको अभिलेख देखिने रसिद नियन्त्रण खाता ब्यवस्थित नरहेको,<br>● गत आ.व.मा छपाई भएका नगदी रसिदहरु समेत प्रयोगमा आएको पाइएको तर त्यसको अ.ल्या. र बाकी समेत देखिने अभिलेख अद्यावधिक नगरेको,<br>● वडामा पठाइएको रसिदहरु र हाल रसिदको अवस्थाको सम्वन्धमा अभिलेख अद्यावधिक नभएको,<br>● वडाहरुले आफ्नो अनुकुलतामा मासिक वा एकमुष्ट रुपमा राजस्व दाखिला गर्ने गरेको,<br>● राजस्व संकलनको लागी प्रयोग भएका रसिद प्याड र संख्या एकिन हुन नसकेको,<br>● गत वर्षको नगदी रसिद के कति बाँकी रहेको र यस वर्ष वडा कार्यालय र गाँउपालिका कार्यालयका लागि के कति संख्यामा रसिद छपाई भएको हो नखुलेको,</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ● वचत भएका रसिदको विवरण नरहेको,<br>● गाँउपालिकाले राजस्वको लक्ष्य निर्धारण नगरेको एवं आन्तरिक नियन्त्रण प्रणाली विकास नगरेको,<br>● ढुंगा, गिट्टी कर रसिद विभिन्न वडामा १७ प्याड वितरण भएकोमा ३ वटा प्याड कहाँ छ खुल्न नआएको, आदि । | |
| १२.१ | आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ को उपदफा १ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मा आएको सरकारी नगदको हकमा सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गरि स्रेस्ता खडा गर्नुपर्ने र उपदफा ५ मा दाखिला गर्नुपर्ने त्यस्तो नगदी रकम बैक र कार्यालय बीचको दुरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्न थप म्याद तोकिदिन सक्नेछ भन्ने व्यवस्था भएकोमा गाँउपालीका र अन्तरगतका वडा कार्यालयहरुले ऐनमा उल्लेख भए बमोजिमको समायावधिमा बैक दाखिला नगरी ढिलो दाखिला गर्ने गरेको देखियो । आम्दानी भएको रकम तोकिएको समयमा दाखिला गर्ने तर्फ सम्वन्धित पक्षले ध्यान दिनुपर्ने देखिन्छ । | |
| १२.२ | वातावरणीय प्रभाव मुल्याङकन नगरी ढुंगा गिट्टी, वालुवाको संकलन तथा बिक्री गर्न र कर संकल गर्न नपाइने व्यवस्था भएता पनि गाँउपालिकाले  ढुंगा, गिट्टी कर रसिद छपाई गरी वितरण गरेको छ । वितरण भएका १७ वटा मध्ये ६ नं वडा वाट ८५१-९०० को एक प्याड रसिद फिर्ता भई वातावरणीय शुल्क तथा जरिवाना वापत भनी रु.२०४०० आम्दानी भएको छ भने वाँकी १६ वटा प्याड रसिद फिर्ता भएको छैन । कार्यालयले यसको अभिलेख अद्यावधिक गरी आम्दानी सुरक्षाको यथेष्ठ प्रवन्ध मिलाउनु पर्दछ । | |
| १३. | **बेरुजू फछ्र्यौट तथा सम्परीक्षण स्थिती :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ बमोजिम कार्यालयले बेरुजू फछ्र्यौट गरि दफा १९ वमोजिम सम्परीक्षणको लागी अनुरोध गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले लेखापरीक्षणको क्रममा रु.९९००० बेरुजू फछ्र्यौट गरि सम्परीक्षणको लागि पेश भएकोमा निम्नानुसार रु.९९००० सम्परीक्षण गरिएको छ। बाकी बेरुजु नियमानुसार फछ्र्यौट गरी सम्परीक्षण गराउनु पर्ने देखिन्छ । | |

| आ.ब | बेरुजू दफा नं | फछ्र्यौटको व्यहोरा | फछ्र्यौट रकम |
|---|---|---|---|
| २०७४/७५ | १५ | अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरि परीचय पत्र वितरण गरेको प्रमाण कागजात पेश गरेको आधारमा कार्यालयले समेत पेश्की फछ्र्यौट गरि संपरिक्षण गरिएको । | ९९००० |

अनुसूची- १

# कैलाश गाउँपालिकाको सञ्चित कोष विवरण

**२०७५।७६**

**प्रदेश : बागमती**

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूंजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १ | कैलाश गाउँपालिका | मकवानपुर | ६०१७३ | ९२८३४ | २५८९६२ | ३५१४ | ३५५३१० | १७३२११ | १३७४१४ | ३४२५५ | ३४४८८० | ७०६०३ |

अनुसूची– २

# बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**२०७५।७६** (रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | कैलाश गाउँपालिका | मकवानपुर | ५५ | २२ | २३७८२ | ० | ० | ० | ५५ | २२ | २३७८२ | २८७ | १३७१८ | ९१७७ | ० | ० | २२८९५ | ० | ६०० | ६०० |

अनुसूचि ३

# अद्यावधिक वेरुजू स्थिति

**२०७५।७६** (रु. हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | कैलाश गाउँपालिका | मकवानपुर | ३८८८ | ९९ | ३७८९ | ०० | २३७८२ | २७५७१ |